प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १९९ | काठमाडौं | मंगलबार, ०८ मंसिर २०८३ | Prabhab National Daily | Tuesday, 24 November 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

'ग्रेटर नेपाल' चाहने प्रधानमन्त्री शाह सीमा समस्यामा चुपचाप



■ जेबी योञ्जन

काठमाडौं– प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणको क्रममा नेपालको सबैभन्दा पेचिलो राष्ट्रिय मुद्दा सीमा विवाद समाधानले प्राथमिकता पाउन सकेन । लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका क्षेत्रमा देखिएको सीमा समस्याबारे ठोस छलफल र कूटनीतिक पहल हुने अपेक्षा गरिए पनि भ्रमण त्यसमा उपलब्धिविहीन देखिएको छ ।

नेपालले लामो समयदेखि उठाउँदै आएको सीमा विवाद, सन् १९५० को शान्ति तथा मैत्री सन्धिको पुनरवलोकन र प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन बुझ्ने विषयमा प्रधानमन्त्री शाहको भारत भ्रमणबाट कुनै ठोस उपलब्धि हासिल हुन सकेन ।

प्रधानमन्त्रीको भ्रमणपछि सार्वजनिक संयुक्त दस्तावेजमा सीमा विवाद संवादमार्फत समाधान गर्ने र सन् १९५० को सन्धि आपसी सहमतिमा पुनरवलोकन गर्न सकिने पुरानै भाषा दोहोऱ्याइएको छ । तर, सीमा विवाद समाधानका लागि कुनै समयसीमा, कार्ययोजना वा ठोस सहमति उल्लेख छैन ।

सीमाविद् बुद्धिनारायण श्रेष्ठ प्रधानमन्त्री शाहले आफ्नो भ्रमणमा



प्रधानमन्त्री शाहको मुख्य प्राथमिकता सीमा विवाद समाधान हुनुपर्थ्यो तर त्यस्तो भएन । दुईतिहाइ नजिकको शक्तिशाली सरकारका प्रधानमन्त्रीले सीमा समस्याबारे मोदीसँग कूटनीतिक मञ्चमा संवाद नगर्नु गलत भयो ।

■ बुद्धिनारायण श्रेष्ठ
सीमाविद्



सीमा विवाद वर्षौंदेखि यथावत् छ, त्यसमा केही प्रगति भएन । सन् १९५० को सन्धिका कुरा लामो समयदेखि उठ्दै आए पनि त्यसमा पनि निकास निस्किएन ।

■ निलाम्बर आचार्य
भारतका लागि पूर्वनेपाली राजदूत

सीमा समस्यालाई मुख्य प्राथमिकता दिनुपर्ने भए पनि त्यसो हुन नसकेको बताउँछन् । उनका अनुसार दुईतिहाइ नजिकको शक्तिशाली सरकारको नेतृत्व गरेका प्रधानमन्त्री शाहले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग कूटनीतिक मञ्चमै सीमा विवादबारे स्पष्ट संवाद गर्नुपर्ने थियो ।

'प्रधानमन्त्री शाहको मुख्य प्राथमिकता सीमा विवाद समाधान हुनुपर्थ्यो तर त्यस्तो भएन,' उनले प्रभावसँग भने, 'दुईतिहाइ नजिकको शक्तिशाली सरकारका प्रधानमन्त्री शाहले सीमा समस्याबारे मोदीसँग कूटनीतिक मञ्चमा संवाद नगर्नु गलत भयो ।'

उनका अनुसार नेपालले वर्षौंदेखि सीमा समस्या झेलिरहेको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका क्षेत्रमा नेपाली भूमि अतिक्रमण भएको विषयमा भारतले गम्भीरता देखाएको छैन । यस्तो अवस्थामा प्रधानमन्त्रीको भारत भ्रमणमा सीमा विवादलाई प्राथमिकताका साथ उठाउनुपर्ने थियो ।

'नेपालले वर्षौंदेखि सीमा समस्या झेल्नुपरेको छ । कयौं ठाउँमा नेपाली भूमि मिचिएको छ, तर यसमा भारत गम्भीर भएन,' उनले भने, 'विगतमा ग्रेटर नेपालको नक्सा राख्ने र अतिराष्ट्रवादी अभिव्यक्ति दिने प्रधानमन्त्रीको भ्रमणमा यस्तो विषय नउठ्नु राम्रो होइन ।'

⏭ क्रमशः पृष्ठ २ मा

प्रधानमन्त्री शाहको भारत भ्रमण

भैरहवामा हवाई रुटको बदलामा भारतले माग्यो बागडोगरा

- दुई नयाँ हवाई रूट खुलाउन र पुनर्निर्माणका लागि ऋणसहितको प्रस्ताव लिएर आइतबार नयाँ दिल्ली पुगेका प्रधानमन्त्री वालेन्द्र शाहको टोलीको मागमा भारतले आंशिक सुनुवाइ
- भैरहवामाथि भएको आकाशको पहुँचमार्ग नेपालले दोहोरो प्रयोग गर्न पाउनेगरी समझदारी, बदलामा भारतले माग्यो सैन्य प्रयोजनका लागि प्रयोग गरिने बागडोगराको पहुँचमार्ग
- भोटेकोशी-त्रिशुली बाढीपछिको पुनर्निर्माणका लागि ५६ अर्ब अनुदान दिन राजी भारतले नेपाललाई ऊर्जा क्षेत्रका विकासका लागि एक खर्ब ८४ अर्ब ऋण दिने



■ प्रभाव संवाददाता

काठमाडौं– प्रधानमन्त्री वालेन्द्र शाहको पहिलो भारत भ्रमणका क्रममा नेपालले आंशिक सफलता हात पारेको छ । दुई नयाँ हवाई रुट खुलाउन र पुनर्निर्माणका लागि ऋणसहितको प्रस्ताव लिएर आइतबार नयाँ दिल्ली पुगेका प्रधानमन्त्री शाहको टोलीको मागमा भारतले आंशिक सुनुवाइ गरेको हो ।

सोमबार भारतीय समकक्षी नरेन्द्र मोदीसँग हैदराबाद हाउसमा भएको छलफलपछि द्विपक्षीय सम्झौता भएको थियो । उक्त भेट वार्तापछि भोटेकोशी-त्रिशुली बाढीपछिको पुनर्निर्माणका लागि भारत ५६ अर्ब अनुदान दिन राजी भएको थियो । त्यसैगरी भारत नेपाललाई ऊर्जा क्षेत्रका विकासका लागि एक खर्ब ८४ अर्ब रूपैयाँ ऋण दिनसमेत तयार भएको छ ।

यद्यपि बहुप्रतिक्षित हवाई रुटमा



लामो समयदेखि नेपालले आकाशमा थप बाटो चाहियो भनेर माग गरेका थियौं । यसमा हामीले आज भैरहवामाथि भएको आकाशको पहुँचमार्ग नेपालले प्रयोग गर्न पाउनेगरी समझदारी भएको छ । यसअघि नेपालबाट बाहिरिनमात्र अनुमति थियो । अब नेपाल भित्रन पनि पाउने भएको छ । बागडोगरा विमानस्थलका लागि पहुँचमार्ग मागिए पनि सहमति भएको छैन ।

■ शिशिर खनाल
परराष्ट्रमन्त्री

भने नेपाललाई भारतले उधारो सहमति दिएको छ । परराष्ट्रमन्त्री शिशिर खनालले भने दुई प्रधानमन्त्रीबीच सहमति भएसँगै यो लगभग खुला भएको दाबी गरेका छन् । 'लामो समयदेखि नेपालले आकाशमा थप बाटो चाहियो भनेर माग गरेका थियौं । यसमा हामीले आज भैरहवामाथि भएको आकाशको पहुँचमार्ग नेपालले प्रयोग गर्न पाउनेगरी समझदारी भएको छ,' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग खनालले भने ।

यसअघि भैरहवा हुँदै नेपालबाट बाहिरिनमात्र अनुमति थियो । अब नेपाल भित्रन पनि पाउने भएको छ । ब्रभो-३४५ नामक यो हवाई मार्गमा नेपाल प्रवेश पाउन भने केही प्रक्रिया पूरा गर्नुपर्ने छ । दुई मुलुकबीच यस बिन्दुमा भारतीय एयर ट्राफिक कन्ट्रोलरले नेपाली कन्ट्रोलरलाई कति उचाइमा जहाज हस्तान्तरण गर्ने भन्नेबारे टुंगो लगाइ सहमतिपत्रमा हस्ताक्षर गर्नुपर्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

भारत-नेपालबीचको मुख्य समझदारी

ऋण र अनुदान:

भारतले नेपाललाई एक खर्ब ८४ अर्ब रुपैयाँ (११ हजार ५०० करोड भारतीय रुपैयाँ) सहुलियत ऋण दिने भएको छ । यो रकम ऊर्जा परियोजनामा खर्च हुने छ । यसै गरी ५६ अर्ब रुपैयाँ (३,५०० करोड भारतीय रुपैयाँ) अनुदान सहयता दिने भएको छ । जुन विपद्पछिको पुनर्निर्माण तथा नयाँ पूर्वाधार परियोजनाका खर्च हुने छ ।

भैरहवा हवाई रुट:

हाल एकतर्फी रहेको द्य३४५ काठमाडौं-भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउन दुवै पक्ष सहमत भएका छन् । यससम्बन्धी प्राविधिक ढाँचा टुंगो लगाउन भने बाँकी ।

थप दुई बन्दरगाहमा पहुँच:

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालको पारवहन व्यापारका लागि दिनदयाल बन्दरगाह (काण्डला, गुजरात) मार्फत नयाँ कनेक्टिभिटी मार्गको घोषणा गरे । यसका साथै, आवश्यक पूर्वाधार तयार भएपछि पारादीप बन्दरगाह (ओडिशा) सम्मको पहुँच पनि उपलब्ध गराइने ।

तल्लो अरुण आयोजनाको शिलान्यास:

दुई प्रधानमन्त्रीबाट ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजनाको 'भर्चुअल' माध्यमबाट शिलान्यास ।

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

मलेसियामा विदेशी श्रमिक भर्नाका लागि प्रस्तावित नयाँ प्रणाली कार्यान्वयनमा अन्योल

- मलेसियाको मानव संसाधन मन्त्रालयले विदेशी श्रमिक भर्नाका लागि प्रस्ताव गरिएको युनिभर्सल रिक्रुटमेन्ट एडभान्स्ड प्लेटफर्म (टियुआरएपी) सम्बन्धी प्रस्तावको समीक्षा
- मलेसियाको मानव संसाधन मन्त्रालयका उपमन्त्री दातुक खैरूल फिरदौस अकबर खानद्वारा विभिन्न सरकारी निकायसँग छलफल गरेर प्रणालीको प्राविधिक पक्ष, कार्यक्षेत्र र मापदण्डलाई अन्तिम रूप दिने काम भइरहेको जानकारी

■ ममता थापा

काठमाडौं– मलेसियाले विदेशी श्रमिक भर्ना प्रक्रियालाई व्यवस्थित बनाउने भन्दै प्रस्ताव गरेको नयाँ डिजिटल प्रणाली कार्यान्वयनका विषयमा निर्णय लिन नसकेको पाइएको छ । हाल मलेसियाको मानव संसाधन मन्त्रालयले विदेशी श्रमिक भर्नाका लागि प्रस्ताव गरिएको युनिभर्सल रिक्रुटमेन्ट एडभान्स्ड प्लेटफर्म (टियुआरएपी) सम्बन्धी प्रस्तावको समीक्षा गरिरहेको जनाइएको छ ।

मलेसियाको संसद्मा सोमबार मानव संसाधन मन्त्रालयका उपमन्त्री दातुक खैरुल फिरदौस अकबर खानले विभिन्न सरकारी निकायसँग छलफल गरेर प्रणालीको प्राविधिक पक्ष, कार्यक्षेत्र र मापदण्डलाई अन्तिम रूप दिने काम भइरहेको बताएका छन् । खानका अनुसार प्रणाली कार्यान्वयनमा हतार गर्दा थप विवाद सिर्जना हुनसक्ने भएकाले निर्णय प्रक्रियामा समय लागेको मलेसियन समाचार संस्था 'द एज मलेसिया'ले जनाएको छ । सरोकारवाला निकायसँग पर्याप्त छलफल नगरी निर्णय गर्दा समस्या आउन सक्ने भन्दै मन्त्रालयले सबै पक्षको सुझाव लिइरहेको उनले बताएका छन् ।

टियुआरएपी विदेशी श्रमिक भर्ना प्रक्रियालाई डिजिटल र व्यवस्थित बनाउने उद्देश्यले तयार पारिएको प्रणाली भएको मलेसियाले जनाउँदै आएको छ । यो प्रणाली मलेसियाको विदेशी श्रमिक केन्द्रिकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) सञ्चालन गर्ने कम्पनी बेस्टिनेट एसडिएन बिएचडीले विकास गरेको हो । नयाँ प्रणालीमा पनि सोही कम्पनीको संलग्नता रहने भएपछि मलेसियामा यसको निष्पक्षतामाथि प्रश्न उठ्दै आएको छ । कम्पनीका संस्थापक दातुक सेरी अमिनुल इस्लाम अब्दुल नुरलाई बंगलादेश सरकारले सम्पत्ति शुद्धीकरण र आप्रवासी श्रमिक ओसारपसारसम्बन्धी आरोपमा सुपुर्दगीका लागि खोजिरहेको बताइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

संघ र मलेसियाली दूतावासका कार्यवाहक प्रमुखबीच छलफल



काठमाडौं (प्रस)– नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी र नेपालस्थित मलेसियाली दूतावासका चार्ज डे अफेयर्स मोहम्मद फिरदौस बिन अजमानबीच छलफल भएको छ । सोमबार भएको छलफलमा मलेसियाको श्रमबजारमा देखिएका जटिलता, सिण्डिकेटको प्रयासप्रति दूतावासको धारणा र यसले नेपाली श्रमिक, वैदेशिक रोजगार क्षेत्र एवं दुई देशबीचको द्विपक्षीय सम्बन्धमा पार्न सक्ने दीर्घकालीन प्रभावका विषय उठाइएको जनाइएको छ ।

छलफलका क्रममा संघले नेपाल-मलेसिया द्विपक्षीय श्रम सम्झौता (एमओयू) नवीकरण प्रक्रिया अघि बढाउन तथा संयुक्त कार्यदल (जेडब्ल्युजी)को बैठक यथाशीघ्र आयोजना गर्न अनुरोध गरेको संघका महासचिव हिरावहादुर डाँगीले बताए ।

उनका अनुसार जवाफमा फिर्दौसले मलेसिया सरकारको सम्बन्धित निकायबाट जेडब्ल्युजी बैठकका लागि स्वीकृति लिने प्रक्रिया अघि बढिसकेको जानकारी गराएका छन् । तर वर्षान्तको समय भएकाले नेपाल सरकारले प्रस्ताव गरेको मितिमा सहमति हुन नसकेको भए पनि निकट भविष्यमा बैठकको मिति तय हुने विश्वास व्यक्त गरेको जनाइएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

शिक्षामा पहुँच सुनिश्चित गरौं



- शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,
- विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,
- विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,
- विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,
- शिक्षालाई जीवनोपयोगी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

पृष्ठ १ बाट क्रमशः

विगतमा...

प्रधानमन्त्री शाहले काठमाडौं महानगरपालिकाको मेयर हुँदा आफ्नो कार्यकक्षमा ग्रेटर नेपालको नक्सा राखेका थिए । लिपुलेक, कालापानी र लिम्पियाधुराको विषयमा पनि उनले विगतमा कडा अभिव्यक्ति दिएका थिए । त्यसैले प्रधानमन्त्री बनेपछि उनको पहिलो भारत भ्रमणमा सीमा विवादले विशेष प्राथमिकता पाउने अपेक्षा गरिएको थियो ।

तर, भ्रमणको संयुक्त दस्तावेजमा सीमाबारे सामान्य प्रतिबद्धतामात्रै समेटियो । भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने विषयमा भएको सहमतिप्रति नेपालको असहमति पनि संयुक्त दस्तावेजमा समेटिएन । इपिजीको प्रतिवेदन बुझ्ने विषयमासमेत दुवै पक्ष मौन रहे ।

प्रबुद्ध व्यक्ति समूह नेपालका सदस्य डा. राजन भट्टराई पनि भ्रमणको क्रममा नेपालको दीर्घकालीन हितसँग जोडिएका विषयमा अपेक्षित प्रगति हुन नसकेको बताउँछन् । उनका अनुसार सीमा विवाद र सन् १९५० को सन्धि लामो समयदेखि उठाउँदै आएका विषय हुन् । तर, संयुक्त वक्तव्यमा सामान्य भाषा राखेर मात्रै समस्या समाधान हुँदैन ।

'नेपाली पक्षले केही न केही भाषा राखेरै जान्छ भन्ने भारतीय पक्षलाई सधैं थाहा हुन्छ,' भट्टराई भन्छन्, 'त्यसैले उनीहरू १९५० को सन्धि होस्, पञ्चेश्वर होस् वा सीमाको विषय, यस्ता मुद्दामा सामान्य भाषा लेखिदिन्छन् र भोलि वार्ताको टेबलमा बस्दा पुरानै अडान दोहोऱ्याएर सहमतिमा नपुग्ने लामो इतिहास छ ।'

उनका अनुसार यसपटक पनि त्यही प्रवृत्ति दोहोरिएको छ । सन् १९५० को सन्धिबारे सानो तहमा छलफल गर्ने पुरानै भाषा दोहोरिएको छ । त्यसमा कुनै ठोस प्रगति देखिएको छैन ।

प्रधानमन्त्री शाह भारत भ्रमणपछि फर्किएसँगै सोमबार त्रिभुवन विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा पनि सीमा विवादबारे प्रधानमन्त्रीको स्पष्ट धारणा सार्वजनिक भएन । पत्रकारले प्रधानमन्त्रीले मेयर हुँदा कार्यकक्षमा राखेको ग्रेटर नेपालको नक्सावारे भारत भ्रमणमा छलफल भए/नभएको प्रश्न गरेका थिए ।

जवाफमा पररा‌ष्ट्रमन्त्री शिशिर खनालले सीमा अतिक्रमणको विषयमा संवाद गर्न दुई देशका पररा‌ष्ट्र सचिवलाई निर्देशन दिइएको बताए । पत्रकारले प्रधानमन्त्रीले भारतसँग सीमा अतिक्रमण भएको विषय किन स्पष्ट रूपमा राख्न नसकेको भन्दै पूरक प्रश्न गरे ।

त्यसको जवाफमा खनालले भने, 'सीमा अतिक्रमणबारे यसअघि पररा‌ष्ट्र सचिवस्तरमा कहिले छलफल भयो र ? हामीले उच्च तहमा छलफल गर्ने भनेका छौं । सीमाबारे हाम्रा दाबीहरू छन् । शान्तिपूर्ण ढंगले समाधान गर्न चाहन्छौं ।'

तर, पत्रकार सम्मेलनमा मन्त्रीको जवाफले पनि सीमा विवादमा प्रधानमन्त्रीको भ्रमणबाट के उपलब्धि भयो भन्ने प्रश्नको चित्तबुझ्दो उत्तर दिन सकेन ।

पूर्वराजदूत नीलाम्बर आचार्य पनि भ्रमणका क्रममा सीमा विवाद, इपिजी प्रतिवेदन र व्यापार घाटाजस्ता महत्त्वपूर्ण विषयमा प्रगति हुन नसकेको बताउँछन् । 'सीमा विवाद वर्षौंदेखि यथावत् छ, त्यसमा केही प्रगति भएन । सन् १९५० को सन्धिका कुरा लामो समयदेखि उठ्दै आए पनि त्यसमा पनि निकास निस्किएन,' आचार्यले भने ।

नेपाल सार्कको अध्यक्ष राष्ट्र भएकाले क्षेत्रीय संगठनको गतिरोध अन्त्यका लागि पनि प्रधानमन्त्रीले पहल गर्नुपर्ने उनको भनाइ छ । यसरी प्रधानमन्त्री शाहको पहिलो भारत भ्रमणमा विकास, पूर्वाधार र आर्थिक सहकार्यका विषयले प्राथमिकता पाए पनि नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वार्थसँग जोडिएको सीमा विवादमा भने अपेक्षित राजनीतिक तथा कूटनीतिक पहल हुन सकेन ।

■■■

भैरहवामा...

मन्त्री खनालले पनि यसको प्राविधिक चाँजोपाँजो भने मिलाउन बाँकी रहेको स्वीकारे । 'हवाईमार्गको विषय अन्तर्राष्ट्रिय विषय भएकोले कार्यान्वयनमा लैजान क्यान, भारतको र आइकाओले पनि प्रक्रिया मिलाएर कार्यान्वयनमा जान्छ,' उनले भने ।

नेपालले विभिन्न हवाई रुट खुलाउन माग गरेसँग भारतले निकै संवेदनशील मानिएको बागडोगरा विमानस्थलमा नेपालीमार्गबाट प्रवेश गर्न पाउनुपर्ने माग अघि सारेको छ । भारतको पश्चिम बंगालस्थित सिलीगुडीमा नजिकै यो विमानस्थल भारतले सैन्य प्रयोजनका लागि प्रयोग गर्दै आएको छ । पररा‌ष्ट्रमन्त्री खनालले यो विमानस्थलका लागि भारतले रुट मागेको स्वीकारे । भारतले बागडोगरा विमानस्थलका लागि सैनिक प्रयोजन नभई व्यावसायिक तथा नागरिक उडान सञ्चालनका लागि अनुमति मागेको दाबी गरे ।

यसैगरी भारतले नेपाली व्यापारलाई नयाँ 'कनेक्टिभेटी'का रूपमा थप बन्दरगाहसमेत उपलब्ध गराएको छ । नेपालले गुजरातको मुन्द्रा र ओडिसाको धाम्रा बन्दरगाह माग गरे पनि गुजरातकै दिनदयाल र ओडिसाको पारादीप बन्दरगाह उपलब्ध गराउने भएको छ ।

दुई प्रधानमन्त्रीको भेटपछि भारतीय प्रधानमन्त्री मोदीले वालेन्द्रको प्रशंसा गरेका छन् । 'केही महिनाअघि विश्वकै युवा प्रधानमन्त्रीका रूपमा उहाँले विश्वमञ्चलाई सम्बोधन गर्दा उहाँको दूरदर्शिता स्पष्ट देखिएको थियो । आजको कुराकानीमा मैले नेपालको भविष्य र भारत-नेपाल सम्बन्धका लागि उहाँको स्पष्ट दृष्टिकोण र प्रतिबद्धता महसुस गरेको छु,' प्रधानमन्त्री मोदीले भने । सोमबार साँझ काठमाडौं फर्किएपछि प्रधानमन्त्री शाहले मोदीलाई धन्यवाद दिएका छन् ।

मोदीलाई नेपाल भ्रमणको निम्तो

प्रधानमन्त्री शाहले भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका छन् । नेपाल र भारतबीच सोमबार हैदराबाद हाउसमा सम्पन्न द्विपक्षीय भेटवार्तापछि आयोजित संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री शाहले भारतीय समकक्षी मोदीलाई नेपाल भ्रमणमा आउन आग्रह गरेका हुन् ।

'यस महत्त्वपूर्ण अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीज्यूलाई सम्पूर्ण नेपाली जनताको तर्फबाट नेपाल भ्रमणका लागि हार्दिक निमन्त्रणा गर्दछु,' शाहले भने ।

मोदीले बालेन्द्रको निम्तो स्वीकार गरेको पररा‌ष्ट्रमन्त्री खनालले बताए । 'भारतीय प्रधानमन्त्रीले उक्त निमन्त्रणा स्वीकार गर्नुभयो र भ्रमणको आधिकारिक मिति कूटनीतिक माध्यमबाट तय गरिने छ,' पररा‌ष्ट्रमन्त्री खनालले भने । भ्रमणका क्रममा भारतीय राष्ट्रपति मुर्मुले पनि नेपाल भ्रमणका इच्छा राखेको उनले बताए ।

भ्रमण पूर्ण सफल भयो: पररा‌ष्ट्रमन्त्री

पररा‌ष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्री वालेन्द्रको दुई दिने राजकीय भ्रमण पूर्ण रूपमा सफल भएको बताए । यस भ्रमणले विकास र समुन्नतिको लाभ लिने हिसाबले कोशेढुंगा साबित भएको खनालको भनाइ थियो ।

'पररा‌ष्ट्र नीतिको महत्त्वपूर्ण पक्षको रूपमा रहेको छिमेकी सम्बन्धलाई थप गतिशीलताका माध्यमबाट आर्थिक विकास र समुन्नतिका लागि सौहार्द्रपूर्ण वातावरण निर्माण गर्ने र छिमेकी मुलुकले हासिल गरेको उल्लेख्य विकास र समुन्नतिको समुचित लाभ लिने दिशामा यो भ्रमण कोशेढुंगा साबित भएको छ,' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सञ्चारकर्मीसँग खनालले भने, 'साथै छिमेकी मित्रराष्ट्रहरूसँग एक-अर्काका संवेदनशीलताहरू बुझ्ने तथा आपसी समन्वयमा तिनको उचित समाधान गर्दै द्विपक्षीय हितलाई प्रवर्द्धन गर्न यो भ्रमण पूर्ण सफल भएको छ ।'

भ्रमणका क्रममा भएको छलफल र भेटबाट दुई मुलुकबीच समझदारी, सहयोग र सहकार्यमा अभिवृद्धि भई द्विपक्षीय सम्बन्ध अझ सुदृढ भएको उनले बताए । भ्रमणले नेपाल र भारतबीचको कूटनीतिक र आर्थिक एवं विकास सहकार्यलाई नयाँ उचाइमा पुऱ्याउनुका साथै आगामी दिनमा आपसी हितका क्षेत्रहरूमा परिणाममुखी सहकार्य अघि बढाउने बलियो आधार तयार भएको खनालको भनाइ थियो । 'लामो समयपछि यस भ्रमणले नेपाल-भारतको सम्बन्धलाई सम्भावनायुक्त सकारात्मक लयमा फर्काएको विश्वास गरेका छौं,' खनालले भने ।

■■■

भारत-नेपालबीच...

आयोध्या-जनकपुर एक्सप्रेस रेलसेवा सुरु:

अयोध्या र जनकपुरबीच सञ्चालन हुने 'सर यू-कमला एक्सप्रेस' रेल सेवाको सुरुवात् । यस रेल सेवाले कनेक्टिभिटी सुधार्नुका साथै रामायण सर्किटअन्तर्गत धार्मिक तथा सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्ने छ र भारत तथा नेपालबीचको सभ्यतागत सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास ।

बनबासाको एकीकृत जाँच चौकी:

दुई प्रधानमन्त्रीले बनबासामा निर्माण हुने नयाँ एकीकृत जाँच चौकीको 'भर्चुअल' माध्यमबाट शिलान्यास गर्नुका साथै र भैरहवा, सुनौली तथा दोधारा-चाँदनीमा निर्माणाधीन एकीकृत जाँच चौकीहरूको प्रगतिको प्रशंसा ।

धार्चुला र दार्चुला जोड्ने मोटरेबल पुलको उद्घाटन:

धार्चुला (भारत) र दार्चुला (नेपाल) जोड्ने नयाँ सीमापार मोटरयोग्य पुलको उद्घाटन । सुदूरपश्चिम नेपाल र भारतबीचको प्रत्यक्ष कनेक्टिभिटी सुधार्न मद्दत हुने विश्वास ।

■■■

मलेसियामा...

यही विषयले पनि टियुआरएपी कार्यान्वयनको प्रस्ताव विवादित बनेको हो । समाचारका अनुसार यसअघि संसद्मा भएको छलफलमा एक सांसदले टियुआरएपी हतारमा कार्यान्वयन गर्दा मलेसियामा कार्यरत इजाजतप्राप्त निजी रोजगार एजेन्सीहरूको काम प्रभावित हुनसक्ने चिन्ता व्यक्त गरेका थिए । उनले नयाँ प्रणाली कहिलेसम्म समीक्षामा रहने भन्ने स्पष्ट पार्न सरकारलाई आग्रहसमेत गरेका थिए ।

उपमन्त्री खानले भने टियुआरएपी विदेशी श्रमिक भर्नाको लागत घटाउने, अवैध एजेन्टको संलग्नता नियन्त्रण गर्ने र श्रमिकलाई ऋणको बोझमा पार्ने अवस्थाको अन्त्य गर्न सहयोग पुग्ने दाबी गरेको समाचारमा भनिएको छ ।

उनका अनुसार नयाँ प्रणालीले श्रमिक भर्ना प्रक्रियालाई सहज बनाउँदै विदेश जाँदा तिर्नुपर्ने खर्चसमेत कम गर्न सक्छ । श्रमिक पठाउने देशसँग सहकार्य गरेर प्रणाली विकास गरिने भएकाले वैदेशिक रोजगारीको विद्यमान प्रक्रिया तथा कानुनी व्यवस्थालाई प्रभावित नगर्ने उनको भनाइ छ ।

मलेसिया नेपाली श्रमिकको प्रमुख वैदेशिक रोजगार गन्तव्य हो । हरेक वर्ष ठूलो संख्यामा नेपाली युवा रोजगारीका लागि मलेसिया जाने गरेका छन् । मलेसियाले पछिल्लो समय विदेशी श्रमिक भर्नालाई व्यवस्थित बनाउने भन्दै विभिन्न नीतिगत परिवर्तन गरिरहेको छ । यसअघि एफडब्ल्युसिएमएस प्रणालीमार्फत श्रमिक भर्ना प्रक्रियालाई केन्द्रिकृत गर्ने भनेको थियो । तर, मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षण र भर्नामा सीमित एजेन्सीको भूमिका रहने भन्ने विवादले समस्या सिर्जना गरेको छ ।

मलेसियाले एफडब्ल्युसिएमएसअन्तर्गत स्वास्थ्य परीक्षणका लागि नेपालका २५ वटा म्यानपावर कम्पनीलाई मुख्य एजेन्सीका रूपमा सूचीकृत गरेको छ । ती एजेन्सीमार्फत करिब २५० वटा सहायक म्यानपावर कम्पनीले काम गर्नुपर्ने व्यवस्था भएपछि यहाँ यसको विरोध भइरहेको छ । यसले एकाधिकार भित्र्याउने भन्दै कूटनीतिक माध्यमबाट समाधानको प्रयास भइरहँदा मलेसिया जाने तयारीमा रहेका नेपाली श्रमिककोसमेत भर्ना प्रभावित भएको छ ।

मलेसियाली सरकारले टियुआरएपीले श्रमिक पठाउने देशको विद्यमान प्रक्रिया र कानुनलाई असर नगर्ने दाबी गरको छ । तर यसको कार्यान्वयन ढाँचा स्पष्ट भइसकेको छैन । नयाँ प्रणाली कार्यान्वयनमा आउनुअघि नेपालजस्ता स्रोत मुलुकसँग कसरी समन्वय गरिन्छ भन्ने विषय महत्त्वपूर्ण देखिएको छ ।

■■■

संघ र...

उक्त छलफलमा कुनै व्यक्ति वा संस्था विशेषलाई प्राथमिकता नदिई श्रमिकको हितलाई केन्द्रमा राखेर दुवै देशबीच सहमति कायम गर्नुपर्ने र त्यस क्रममा दुवै देशको संविधान, श्रम तथा श्रमिकसम्बन्धी ऐन, कानुन, नियम, नियमावली, कार्यविधि र व्यावहारिक पक्षहरूकोसमेत सम्मान गर्दै निर्णय लिनुपर्ने धारणा कार्यवाहक प्रमुख फिर्दौसले राखेको जनाइएको छ ।

छलफलबाट मलेसिया रोजगारी क्षेत्रका विद्यमान समस्या समाधान गर्न सकारात्मक पहल हुने र त्यसबाट समग्र वैदेशिक रोजगार क्षेत्रले सकारात्मक परिणाम प्राप्त गर्ने अपेक्षा गरेको महासचिव डाँगीले बताए ।

कतारमा रोजगार कम्पनी : GREAT SUPREME SHINE CLEANING HOSPITALITY & CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०१/१३ पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०८/०७ LT. No. 341616 चलानी नं. ६०१५४९२९

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	oilet Cleaner	1	3	1000	८०,५१३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

खदेलना अरिने वि मेडिकल सर्त गरेको भर्ने वा फ्री भर्ने	रोजगार सम्बन्धित मेडिकल सर्त दिने / लिदिने	खदेलना अरिने बिना खर्च गरेको व्यहोर्ने र फ्री लाग्ने	रोजगारका बिना दुखे/बहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र फ्री लाग्ने	बिमा शुल्क गरेको दिने र फ्री लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र फ्री लाग्ने (रासस्फाक)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क फ्री लाग्ने र गरेको व्यहोर्ने	बिमा रकमिक शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१ - कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइनी नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आइ.डाम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको समयमै ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आइ.डाटिलाईमा परी समस्यमै गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४। विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने पेशा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बोताम हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६। कामका विरेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ट्रेभिल सम्बन्धन हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालफोनमा सम्पर्क गर्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD

Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511

E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

कतारमा रोजगार कम्पनी : DANTULDWHH LLMQAWLAT AL-AMH

पूर्व स्वीकृति मिति :२०८३/०८/०७ LT. No.349916 चलानी नं.६०१६३७३८

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	CONCRETERS LABOURER	3	0	1000	८०,६७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Construction Labourer	3	0	1000	८०,६७६							
3.	PURCHASE REPRESENTATIVE	1	0	2200	८९,४२८							
4.	Assistant Supervisors	1	0	2500	१,०१,६१८							
5.	Assistant Foreman	2	0	2500	१,०१,६१८							
6.	Drivers	2	0	1500	६०,४७१							
7.	General Builder	2	0	1200	४८,७७६							
8.	Stone Mason	3	0	1200	४८,७७६							
9.	Mason - Plaster	3	0	1200	४८,७७६							

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

खदेलना अरिने वि मेडिकल सर्त गरेको भर्ने वा फ्री भर्ने	रोजगार सम्बन्धित मेडिकल सर्त दिने / लिदिने	खदेलना अरिने बिना खर्च गरेको व्यहोर्ने र फ्री लाग्ने	रोजगारका बिना दुखे/बहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र फ्री लाग्ने	बिमा शुल्क गरेको दिने र फ्री लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र फ्री लाग्ने (रासस्फाक)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क फ्री लाग्ने र गरेको व्यहोर्ने	बिमा रकमिक शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१ - कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइनी नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आइ.डाम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको समयमै ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आइ.डाटिलाईमा परी समस्यमै गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४। विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने पेशा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बोताम हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६। कामका विरेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ट्रेभिल सम्बन्धन हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालफोनमा सम्पर्क गर्नुहोला ।

SUNLIGHT

Sunlight Overseas Recruiting Manpower Pvt.Ltd

Sinamangal - 9 panchkumari mandir, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025

E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

युएइमा रोजगार कम्पनी : INOTEC FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति :२०८३/०३/१९ पूर्व स्वीकृति मिति : २०८३/०८/०७ LT. No. 344378 चलानी नं. ६०२५७७५७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	6	0	1000	८०,२५६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Electrician Assistant	0	0	1200	४८,३०८							
3	House Keeping	1	0	1000	८०,२५६							
4	Messenger	1	0	1000	८०,२५६							

कम्पनी : INOTEC FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८३/०८/१५ पूर्व स्वीकृति मिति : २०८३/०८/०७ LT. No. 345870 चलानी नं. ६०२५९५९५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner I	0	3	1000	८०,२५६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

खदेलना अरिने वि मेडिकल सर्त गरेको भर्ने वा फ्री भर्ने	रोजगार सम्बन्धित मेडिकल सर्त दिने / लिदिने	खदेलना अरिने बिना खर्च गरेको व्यहोर्ने र फ्री लाग्ने	रोजगारका बिना दुखे/बहुने र गरेको व्यहोर्ने	हवाई टिकट गरेको दिने र फ्री लाग्ने	बिमा शुल्क गरेको दिने र फ्री लाग्ने	सामाजिक सुरक्षा कोष गरेको दिने र फ्री लाग्ने (रासस्फाक)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क फ्री लाग्ने र गरेको व्यहोर्ने	बिमा रकमिक शुल्क गरेको व्यहोर्ने
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५१ - कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आइनी नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आइ.डाम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको समयमै ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आइ.डाटिलाईमा परी समस्यमै गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नतिर्नुहोला । ४। विदेश जानुअघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५। विदेश जानुअघि आफ्नो जाने मुलुक, काम दिने कम्पनी, पाउने पेशा, सुविधा र अन्य शर्तबारे राम्री पेहेर मात्र सम्बोताम हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६। कामका विरेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ट्रेभिल सम्बन्धन हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तालफोनमा सम्पर्क गर्नुहोला ।

NEPAL WORLD

NEPAL WORLD OVERSEAS PVT.LTD

Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel

Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

आजको राशिफल



ज्यो. गुरू अनन्त

अनन्त योग अल्केमी

स्वयम्भू, काठमाडौं, नेपाल

फोन : ९८४९२०३४५६

मंगलबार, ०८ मंसिर, २०८३

मेष नयाँ योजना सफल हुने संकेत छ । दाम्पत्य तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ ।

वृष दिन उत्साहपूर्ण रहनेछ । अध्ययन, व्यापार तथा रोजगारीका क्षेत्रमा परिणाम प्राप्त हुन सक्छ ।

मिथुन आम्दानीका नयाँ स्रोत भेटिन सक्छन अनावश्यक विवादबाट टाढा रहनुहोला।

कर्कट आत्मविश्वास बढ्नेछ । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ र महत्वपूर्ण निर्णय लिन सकिनेछ ।

सिंह रोकिएका काम अघि बढ्नेछन् । नयाँ अवसर प्राप्त हुन सक्छ, तर खर्चमा ध्यान दिनुहोला ।

कन्या जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ । बोली र व्यवहारमा संयम अपनाउनुहोला ।

तुला नयाँ अवसर प्राप्त हुनेछन् । रोकिएका काम पूरा हुनेछन् र व्यापार व्यवसायमा सुधार आउनेछ ।

वृश्चिक सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ व्यक्तिसँगको भेटघाट फलदायी बन्न सक्छ ।

धनु मेहनतअनुसार सफलता मिल्नेछ । आर्थिक कारोबार गर्दा सोचविचार गरेर अघि बढ्नुहोला ।

मकर आर्थिक पक्ष सबल बन्नेछ । परिवारमा सुखद वातावरण रहनेछ र मानसम्मान बढ्नेछ ।

कुम्भ नयाँ कामको योजना बन्नेछ । साथीभाइबाट सहयोग मिल्नेछ भने यात्राको अवसर आउन सक्छ ।

मीन काममा उत्साह बढ्नेछ । पारिवारिक सम्बन्धमा सुधार आउनेछ र आर्थिक लाभको सम्भावना छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
विशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्

बाढीप्रभावितको पुनःस्थापनामा प्रदेश सरकारले पहल गर्ने

बागमती (प्रस)– बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले रसुवाको भोटेकोशी बाढी तथा विपद्का कारण प्रभावितको पुनःस्थापनामा प्रदेश सरकारले पहल गर्ने बताएका छन् ।

बागमती प्रदेश सरकारको विपद् व्यवस्थापन समितिको सोमबारको बैठकमा उनले रसुवा, नुवाकोट, धादिङलगायत बागमती प्रदेशका विभिन्न जिल्लामा भएको जनधनको क्षति, प्रभावित नागरिकको अवस्था, उद्धार तथा बेपत्ता नागरिकको खोजी र पुनःस्थापनाका विषयमा प्रदेश सरकारले आवश्यक पहल गर्ने बताए ।

विपद्बाट प्रभावित क्षेत्रको वर्तमान अवस्था, नागरिकले भोग्नुपरेका समस्या तथा उद्धार, राहत र पुनःस्थापनाका लागि चाल्नुपर्ने कदमलगायतका विषयमा बैठकमा विस्तृत छलफल गरिएको थियो ।

बैठकमा प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउने, क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्ने, विस्थापित नागरिकको सुरक्षित बसोबास सुनिश्चित गर्ने तथा प्रभावित क्षेत्रको पुनःस्थापनाका लागि आवश्यक पहल गर्ने विषयमा जनप्रतिनिधि तथा सरोकारवालाहरूबाट सुझाव र धारणा लिइएको थियो ।

विपद्का कारण प्रभावित नागरिकको जीवनरक्षा र उनीहरूलाई आवश्यक सहयोग उपलब्ध गराउनु सरकारको प्राथमिक दायित्व भएकोमा मुख्यमन्त्री थापाले जोड दिए ।

विपद्को यस कठिन घडीमा प्रभावित नागरिकको जीवनरक्षा, उद्धार, राहत, पुनःस्थापना र पुनर्निर्माणलाई उच्च प्राथमिकतामा राख्दै तीन तहकै सरकार तथा सम्बन्धित निकायबीच प्रभावकारी समन्वय, सहकार्य र एकताबद्ध प्रयासका साथ अघि बढ्ने उनले प्रतिबद्धता व्यक्त गरे ।

विपद्बाट प्रभावित नागरिकलाई राहत तथा पुनःस्थापनाको अनुभूति दिलाउन प्रदेश सरकारका तर्फबाट आवश्यक समन्वय र पहल गरिने उनको भनाइ छ ।

नेपालमै विकसित ‘सेल ब्रडकास्ट’ प्रणालीको प्रारम्भिक परीक्षण सफल

काठमाडौं (प्रस)– विपद्को जोखिममा रहेका क्षेत्रका नागरिकलाई मोबाइल फोनमार्फत समयमै पूर्वसूचना पुऱ्याउने उद्देश्यले नेपालमै विकसित सेल ब्रडकास्ट प्रणाली (सिबिएस) को प्रारम्भिक प्राविधिक परीक्षण सफल भएको छ ।

सूचना तथा सञ्चार मन्त्रालयको समन्वयमा गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको सहकार्यमा सोमबार उक्त प्रणालीको परीक्षण गरिएको हो ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना र गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा नेपाल टेलिकमको बलम्बुस्थित टावरबाट परीक्षण सन्देश प्रवाह गरिएको थियो । परीक्षणका क्रममा सोमबार साँझ काठमाडौंको निश्चित भौगोलिक क्षेत्रमा रहेका मोबाइल फोनमा नेपाली र अंग्रेजी दुवै भाषामा ‘यो परीक्षण सन्देश हो’ उल्लेख गरिएको सन्देश पठाइएको थियो । मोबाइलमा सन्देश प्राप्त हुँदा सामान्य सन्देशभन्दा फरक चेतावनी ध्वनि र कम्पनसमेत आएको थियो ।

सेल ब्रडकास्ट प्रणालीमार्फत निश्चित भौगोलिक क्षेत्रभित्र रहेका मोबाइल फोनमा एकैपटक आपत्कालीन सूचना प्रवाह गर्न सकिन्छ । यसका लागि प्रत्येक व्यक्तिको मोबाइल नम्बरमा छुट्टाछुट्टै सन्देश पठाउनुपर्ने वा इन्टरनेटको आवश्यकता पर्दैन । मोबाइल सेवा प्रदायकको नेटवर्कमा जोडिएका लक्षित क्षेत्रका मोबाइल फोनमा एकैपटक सूचना पुऱ्याउन सकिने भएकाले नेटवर्कमा अत्यधिक चाप भएको अवस्थामा समेत यस प्रणालीबाट प्रभावकारीरूपमा सन्देश प्रवाह गर्न सकिने छ ।

यस प्रणालीको अर्को विशेषता भनेको प्रयोगकर्ताको व्यक्तिगत मोबाइल नम्बर वा अन्य विवरण संकलन नगरी लक्षित भौगोलिक क्षेत्रमा सूचना पुऱ्याउन सक्नु हो । यस प्रविधिको प्रयोगबाट बाढीपहिरो, हिमताल विस्फोटजन्य बाढी, भूकम्प तथा प्रतिकूल मौसमलगायत विपद्का सम्भावित जोखिमबारे पूर्वसूचना र आवश्यक सुरक्षा निर्देशन जोखिममा रहेका क्षेत्रका नागरिकसम्म समयमै पुऱ्याउन सकिने छ ।

प्रारम्भिक परीक्षणबाट प्राप्त प्राविधिक नतिजा र अनुभवका आधारमा प्रणालीलाई थप परिष्कृत गर्दै उच्च विपद् जोखिम भएका क्षेत्रमा चरणबद्ध रूपमा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

विपद्का समयमा नागरिकलाई समयमै सचेत गराउन, सुरक्षित स्थानमा जान आवश्यक निर्देशन उपलब्ध गराउन तथा सम्भावित मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न यस प्रणालीले महत्त्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

राउटे समुदायको परम्परागत सीप र संस्कृति संरक्षण गर्न सरकारसँग माग

काठमाडौं (प्रस)– लोपोन्मुख राउटे समुदायको मौलिक पहिचान, परम्परागत सीप, भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गर्न समुदायका प्रतिनिधिले सरकारसँग माग गरेका छन् ।

सोमबार ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग भेट गरी राउटे समुदायका प्रतिनिधिले आफ्नो परम्परागत जीवनशैली र सांस्कृतिक पहिचान संरक्षणका लागि राज्यको विशेष पहल आवश्यक रहेको बताएका हुन् ।

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरी र महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिकमन्त्री सीता वादीको उपस्थितिमा भएको छलफलमा राउटे समुदायको परम्परागत काष्ठकला तथा हस्तकलाको प्रवर्द्धन, भाषा र संस्कृतिको संरक्षण, सामाजिक सुरक्षा तथा दिगो आयआर्जनका अवसर सिर्जना गर्नुपर्ने विषय उठाइएको थियो ।

छलफलमा ऊर्जामन्त्री श्रेष्ठले राउटे समुदायको मौलिक पहिचान र परम्परागत सीपको संरक्षण गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै यसका लागि सरकार सकारात्मक रहेको बताए । उनले स्थानीय तह तथा सम्बन्धित निकायसँग समन्वय गरी समुदायको सीपलाई आयआर्जनसँग जोड्ने, भाषा तथा कलाको संरक्षण गर्ने र आवश्यक सामाजिक सुरक्षाको व्यवस्था मिलाउने दिशामा काम गर्नुपर्ने बताए ।

युएईमा रोजगार

कम्पनी : **GREEN SCOPE STEEL INDUSTRIES** शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०८/०७ चलानी नं.: ६०२६३६७२ **LT. No.: 350509**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	FABRICATOR	5	0	सम्बन्धित काममा दक्ष	1500	६०,४३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Helper (Mechanical Technician)	10	0		1200	४८,३४८							
3.	WELDER (MIG)	8	0		1500	६०,४३५							
4.	SPRAY PAINTER	2	0		1500	६०,४३५							

अन्तर्वार्ता नेपालपार कार्यालय काठमाडौमा २०८३ मंसिर १५ गते (1 Dec. 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क खर्च व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च व्यहोर्ने	स्वदेशमा मरिने म्याद्‌ जीवन बिमा गर्ने व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २३०८ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. २५०० कामदारले	रु. १,४०० कामदारले	रु. १०,०००/–

वैदेशिक रोजगार विभागबाट जरुरु को जानकारी :- १. आफ्नो नामका भिसा प्राप्त भईसके लिखित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । २. आफू काम गर्न जाने मुलुकका श्रोको नेपाली सूतीकित निधोकको समपक्ष ठेकाना र फोन नं. हर लाजमा राख्न होला । ३. यस कार्यालयले पहिरो समपक्ष गर्न सजिलो हुनु । ४. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई माँगेमुनेमा । ५. विज्ञापन जारी भएपछि अभिमुखीकरण वा इजाजतपत्र तालिम अवधिमा नियुक्ति पाइ । ६. विज्ञापन जारी भएपछि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बुझेर मात्र कम्पनीमा रकम बुझाउनुहोला । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तालिमसमा सम्पर्क गर्नु होला ।

HIMALAYAN HUMAN RESOURCE RECRUITMENT PVT. LTD.
Setopul, Kathmandu, Nepal, Yubraj Dhakal +977 9801018169, 9801035653, +977 9864653724, 9851024825
Govt. Lic. No. 1744/082/083 Email: info@himalayanhr.com, yubraj@himalayanhr.com, Web: www.himalayanhr.com

ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ (पैतिस) दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०८ गते

यस **प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.**बाट तपसिलमा उल्लेखित ऋणीहरूले व्यापारिक प्रयोजनको लागि जमानी अन्तर्गत लिएको कर्जाको साँवा, व्याज यस सहकारी संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले संस्थाबाट पटक पटक लिखित तथा मौखिक रूपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा समेत बेवास्ता गरि कर्जा चुक्ता गर्न कुनै चासो नदेखाएकोले तपाई ऋणीहरूको नाममा यो **३५ (पैतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन**भित्र संस्थाको कार्यालयमा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र अन्य दैदस्तुर समेत चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणीहरूलाई जानकारी गराइन्छ । अन्यथा सहकारी संस्थाको विनियम ऋण लगानी तथा असुली नियमावली, सहकारी ऐन २०४८ तथा प्रचलित कानुन बमोजिम कर्जाको सम्पूर्ण रकम तथा असुली कारवाहीको सिलसिलामा उक्त कार्यविधि अनुसार भएको सम्पूर्ण खर्च समेत असुली गरिने छ । साथै ऋणीहरूको अन्य घर घरानाको र चल अचल श्रीसम्पत्तिबाट असुल उपर गरिने जानकारी समेत सम्बन्धित पक्षलाई यसै सूचनाबाट जानकारी गरिन्छ ।

तपसिल

ऋणीको विवरण	फोटो	जमानीको विवरण	फोटो
नाम : **पुर्णमान महर्जन** **बुवा** : भाजुरत्न महर्जन **बाजे** : हाकुचा महर्जन **ठेगाना** : का.म.न.पा १५		**नाम** : **सानुमैयाँ महर्जन** **पति** : पुर्णमान महर्जन **ससुरा** : भाजुरत्न महर्जन **ठेगाना** : का.म.न.पा १५	
नाम : **रमिता श्रेष्ठ** **बुवा** : कृष्ण बहादुर मल्ल **ससुरा** : शंकर प्रसाद श्रेष्ठ **ठेगाना** : का.म.न.पा १९ ढोकाटोल		**नाम** : **ईश्वर श्रेष्ठ** **बुवा** : पुरुषोत्तम प्रसाद श्रेष्ठ **बाजे** : शंकर प्रसाद श्रेष्ठ **ठेगाना** : का.म.न.पा १९ ढोकाटोल	
नाम : **ज्ञानेन्द्र श्रेष्ठ** **बुवा** : होम बहादुर श्रेष्ठ **बाजे** : भक्त बहादुर श्रेष्ठ **ठेगाना** : नुवाकोट,सुनखानी हाल : का.म.न.पा.१३, काठमाडौं		**नाम** : **मन्दिरा महर्जन** **बुवा** : मचाराजा डंगोल **ससुरा** : होम बहादुर श्रेष्ठ **ठेगाना** : का.म.न.पा १३	

प्रवाह बहुउद्देश्यीय सहकारी संस्था लि.
चागल–१५, काठमाडौं, फोन नं.०१–५१६६११९

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)
केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०८/०८

यस वित्तीय संस्थाको विभिन्न शाखा कर्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिनु भएको लिखत र कर्जा स्वीकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिँदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिँदा जमानी दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८२ को १२(९)को (१)क बमोजिम कर्जा सुचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

तपशिल:

१. ऋणीको नाम : अनिता साउद बाबु : दल बहादुर साउद पती : सिद्ध बहादुर साउद ना.प्र.नं. : ६७२०३८/३८३६१ जारी मिति : २०७०/०९/१८, जि.प्र.का., कैलाली ठेगाना : कैलाली जिल्ला थापापुर गा.वि.स. वडा नं. ०९ को परिवर्तित भजनी न.पा. वडा नं. ८ हाल कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३ । **कर्जाको प्रकार : आवासिय घर कर्जा**	**व्यक्तिगत जमानिकर्ता : सिद्ध बहादुर साउद** बुवा : पदम बहादुर साउद बजे : नर बहादुर साउद ना.प्र.नं. : ३१९१६ जारी मिति : २०६१/०६/२८ जि.प्र.का. : अछाम ठेगाना : अछाम जिल्ला दर्ना गा.वि.स. वडा नं. ०७ को परिवर्तित रामारोशन गा.पा. वडा नं. ०६ हाल कैलाली जिल्ला धनगढी उप.म.न.पा. वडा नं. ०३ ।
२. ऋणीको नाम : प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा मिति २०७३/०८/२७ गते, प्रा.फ.र.नं. ७४५/०७३/०७४ भई, स्थायी लेखा नं. ६०५५१३०६८ भई चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३, पटिहानीमा स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री आर.के. इन्टरप्राइजेज ।** **ऋणी/प्रोप्राईटर/व्यक्तिगत जमानिकर्ता : कल्पना अधिकारी** बाबु : सोमनाथ अधिकारी पति : रविन्द्रराज भट्टराई ना.प्र.नं. : ३५१०३२/८९८, जारी मिति : २०६८/०९/०१, जि.प्र.का. : चितवन ठेगाना : चितवन जिल्ला पटिहानी गा.वि.स. वडा नं. ८, हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३ । **कर्जाको प्रकार : व्यवसायिक आवधिक कर्जा**	
व्यक्तिगत जमानिकर्ता : रविन्द्रराज भट्टराई बाबु : युवराज भट्टराई बाजे : हरी बहादुर भट्टराई ना.प्र.नं. : ०४७१३९, जारी मिति : २०६६/०५/२५, जि.प्र.का. : चितवन ठेगाना : चितवन जिल्ला पटिहानी गा.वि.स. वडा नं. ८, हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १३ ।	
३. (क) ऋणीको नाम : प्राईभेट फर्म दर्ता ऐन २०७६ बमोजिम प्रदेश सरकार, प्रदेश नं. ५, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, तानसेन, पाल्पा नेपाल मा मिति २०७७/०८/०८ गते, प्रा. फ.र.नं. ४७१२/०७७/०७८ भई, स्थायी लेखा नं. १२३१६२१५३ भई पाल्पा जिल्ला तिनाउ गा.पा वडा नं. ०२, स्थित रजिष्टर्ड कार्यालय रहेको **बिगन फेन्सी हाउस ।** **(प्रोप्राईटर बिष्णु सापकोट)** **(ख) ऋणीको नाम बिष्णु सापकोटा** **(ग) ऋणीको नाम : न्यु लुम्बिनी अटो वर्क सप** **कर्जाको प्रकार : व्यवसायीक आवधिक कर्जा/व्यवसायीक डिमाण्ड कर्जा/ट्याक्टर कर्जा/व्यवसायीक आवधिक कर्जा**	
प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : बिष्णु सापकोटा बाबु : कृष्ण प्रसाद सापकोटा बाजेः तोयनारायण सापकोटा ना.प्र. नं.: ३९३०३२/२९७ जारी मिति : २०७०/०२/१९, जि.प्र.का. पाल्पा ठेगाना : पाल्पा जिल्ला दोभान गा.वि.स/ उ.म.न.पा. वडा नं. ०६ को परिवर्तित तिनाउ गा.पा. वडा नं. ०२ ।	**व्यक्तिगत जमानिकर्ताः कृष्ण प्रसाद सापकोट** बाबु : तोय नारायण सापकोट बाजेः भिम लाल सापकोट ना.प्र. नं.: २५२८३ जारी मिति २०४४/१०/२६, जि.प्र.का. पाल्पा ठेगाना : पाल्पा जिल्ला मदन पोखरा नगर/गाउँ पञ्चायत वडा नं. ०६ को परिवर्तित तानसेन न.पा. वडा नं ०९ ।
व्यक्तिगत जमानिकर्ता : गंगा सापकोटा बाबु : बाल कुमार गेलाङ पति : विष्णु सापकोटा ना.प्र. नं.: ३९-०१-७२-०५३५३ जारी मिति २०७२/०६/२४, जि.प्र.का. पाल्पा ठेगाना : पाल्पा जिल्ला दोभान गा.वि.स. वडा नं. ०६, को परिवर्तित तिनाउ गा.पा. वडा नं. ०२ ।	**व्यक्तिगत जमानिकर्ता : मोतिकला सापकोटा** बाबु : थानेश्वर खनाल पति : कृष्ण प्रसाद सापकोटा ना.प्र. नं.: ३९-०१-७२-०५३६१ जारी मिति २०७२/०६/२४, जि.प्र.का. पाल्पा ठेगाना : पाल्पा जिल्ला दोभान गा.वि.स. वडा नं. ०६, को परिवर्तित तिनाउ गा.पा. वडा नं. ०२ ।
४. ऋणीको नाम : हासमा चिकवा बाबु : मजिद चिकवा पतिः बैलून चिकवा ना.प्र.नं. १५१६, जारी मिति २०५३/०४/३१, जि.प्र.का.: बाँके ठेगाना : बाँके जिल्ला सानिक जैसपुर गा.वि.स वडा नं. ०४ । हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं १६ । **कर्जाको प्रकार : आवास कर्जा**	**व्यक्तिगत जमानकर्ता : रहिस चिकवा** बाबु : बैलुन चिकवा बाजे : ईलाही चिकवा ना.प्र.नं. ६६१०३१/४२९ जारी मिति २०६८/०७/०७ प्रथम प्रतिलिपी : २०७५/०८/१२ जि.प्र.का.: बाँके ठेगाना : बाँके जिल्ला सानिक जैसपुर गा.वि.स वडा नं. ०४ । हाल बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा न १६
व्यक्तिगत जमानतकर्ता : रहिस बाबु चिकवा बाबु : बैलुन चिकवा बाजे : ईलाही चिकवा ना.प्र.नं. : ६६-०१-७४-०२०५४ जारी मिति २०७४/०४ १८, जि.प्र.का.: बाँके ठेगाना: बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १६ ।	**व्यक्तिगत जमानकर्ता : मो. मुर्तुजा चिकवा** बाबु : बैलुन चिकवा बाजे : ईलाही चिकवा ना.प्र.नं. ६६१०३१/४२७, जारी मिति : २०६८/०७/०७ प्रथम प्रतिलिपी : २०७४/०८/०६ जि.प्र.का बाँके ठेगाना : बाँके जिल्ला सानिक जैसपुर गा.वि.स वडा नं. ०४ । हाल बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा न १६ ।
व्यक्तिगत जमानतकर्ता : बैलुन चिकवा बाबु : बहीर चिकवा बाजे : ईलाही चिकवा ना.प्र.नं. : ४/०/४/४/३९०, जारी मिति २०४१/१०/१० जि.प्र.का.: बाँके ठेगाना : बाँके जिल्ला सानिक जैसपुर गा.वि.स वडा नं. ०४ । हाल : बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं १६ ।	

बिमालेख हराएको सूचना

मिति २०८३/०६/३० गते काठमाडौंबाट सिन्धुपाल्चोक जानेक्रममा मेरो निम्न व्यहोरा भएको सक्कली बीमा अभिलेख प्रमाणपत्र हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : सुहानाश्री सापकोटा
बिमालेख नं. : १००११०७४०
बीमा कम्पनी : एल आई सी (नेपाल) लि. काठमाडौं
ठेगाना : पीपलडाँडा–३, सिन्धुपाल्चोक
सम्पर्क नं. : ९८५१२८३५९२

जन्म मिति सम्बन्धमा

गण्डकी प्रदेश, तनहुँ जिल्ला, सार्बिक मिलुङ्ग गा.वि.स. वडा नं. ४, हाल भानु नगरपालिका वडा नं. १२ निवासी पदमबहादुर थापाकी श्रीमती यामुदेवी थापाको नेपाली नागरिकता प्रमाणपत्र नं. १०१ मा जन्म मिति वि.सं. २०२१/०१/१२ (२४ अप्रिल १९६४) उल्लेख भएको र भारतीय सैनिक पेन्सन अभिलेखमा जन्म मिति १२ जनवरी १९६४ उल्लेख भएको हुँदा जन्म मिति फरक परेको देखिन्छ । तथापि, दुवै अभिलेखमा उल्लेखित व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित वडा कार्यालय तथा जिल्ला प्रशासन कार्यालयको सिफारिसबाट आएकोले यस सम्बन्धमा कसैको हकदावी वा विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाणसहित उपस्थित भई दावी विरोध पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

मोटरसाइकल हराएको सूचना

बजाज हुलास अटो कम्पनीको नामबाट ऋणी श्री कासाङ् तामाङको नाममा रहेको निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०८३/०६/२० गते का.जि.च.न.पा. वडा.नं. ८, गैरीगाउँमा आफ्नै घर अगाडि पार्किङ गरेको स्थानबाट बेलुकाको ७:३० बजेतिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला ।

प्रकार : Pulsar 220 CC F ABS
बाई नं. : Ba Pra. 02-061 PA 3436
चेसिस नं. : MD2A13EX1SCC84214
इन्जिन नं. : DKXCSC28102
रङ्ग : रातो र कालो
सम्पर्क : 9842753574

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०५/१५ मा दर्ता भएको यस **धिलाचो कन्स्ट्रक्शन प्राइभेट लिमिटेड** (प्राली.नं. १७४२४४) कम्पनी यस कार्यालयको मिति २०८३/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

एन. जेन्स ट्रेडस प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/११/०४ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **एन. जेन्स ट्रेडस प्रा.लि. (प्रा.लि.नं. १३२४०६/०७१/०७२)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०८/०७ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

लिक्वीडेटर सन्तोष राना मगर
ईजाजत नं.१६५ मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरूरी सूचना

प्रकाशित मितिः २०८३/०८/०८

यस गुडविल फाइनान्स लिमिटेड(वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले कर्जा लिनु भएको उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एंव बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं प्रचलित कानून बमोजिम वा अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र उक्त कर्जा असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको चलअचल जायजेथा सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई सूचित गरीन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी तथा सम्बन्धित व्यक्तिको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण:
नामः सुदिप भट्टराई , ठेगानाः झापा जिल्ला जलथल गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला टोखा न.पा. वडा नं. ३ बस्ने, बाजेः खेट

प्रभाव दैनिक
National Daily

सम्पादकीय

कूटनीतिक चुक: विकास देखियो, सीमा देखिएन

प्रधानमन्त्री वालेन्द्र शाहको हालै सम्पन्न भारत भ्रमणले द्विपक्षीय आर्थिक, ऊर्जा र भौतिक कनेक्टिभिटीका क्षेत्रमा केही समझदारी र परियोजनाको सुरुवात गरे पनि नेपालको सबैभन्दा संवेदनशील तथा दीर्घकालीन राष्ट्रिय सरोकारको विषय (सीमा विवाद समाधान) मा भने अपेक्षित कूटनीतिक पहल र ठोस प्रगति हुन नसक्नु गम्भीर चिन्ताको विषय बनेको छ । लिम्पियाधुरा, लिपुलेक र कालापानीलगायतका क्षेत्रमा देखिएको सीमा समस्या, सन् १९५० को शान्ति तथा मैत्री सन्धिको पुनरवलोकन, प्रबुद्ध व्यक्ति समूह (इपिजी) को प्रतिवेदन बुझ्ने विषय तथा व्यापार घाटाजस्ता पेचिला मुद्दामा भ्रमण उपलब्धिविहीन देखिनुले नेपालको कूटनीतिक तयारी र प्राथमिकतामाथि प्रश्न उठाएको छ ।

भ्रमणपछि सार्वजनिक संयुक्त दस्ताबेजमा सीमा विवाद संवादमार्फत समाधान गर्ने र सन् १९५० को सन्धि आपसी सहमतिमा पुनरवलोकन गर्न सकिने पुरानै औपचारिक भाषा दोहोऱ्याइएको छ । तर, समस्या समाधानका लागि कुनै स्पष्ट समयसीमा, ठोस कार्ययोजना वा विश्वसनीय प्रतिबद्धता नदेखिनु विडम्बनापूर्ण छ । त्यसमाथि भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाकाका रूपमा प्रयोग गर्ने सहमतिप्रति नेपालको असहमति संयुक्त दस्ताबेजमा नसमेटिनु र इपिजी प्रतिवेदनबारे दुवै पक्ष मौन रहनुले दीर्घकालीन मुद्दाहरू फेरि पनि अनिश्चितताको भुमरीमा धकेलिएको अनुभूति गराएको छ । विगतमा 'ग्रेटर नेपाल'को नक्सा तथा सीमा अतिक्रमणविरुद्ध कडा अडान र अभिव्यक्ति दिएका प्रधानमन्त्री शाहको नेतृत्वमा भएको भ्रमणमा यी विषयले प्राथमिकता नपाउँदा जनस्तरमा स्वाभाविकरूपमा निराशा र विरोधाभासको अनुभूति भएको छ ।

सीमाविद् तथा कूटनीतिज्ञहरूले औंल्याएझैं दुईतिहाइ नजिकको बलियो जनमत र संसदीय समर्थन भएको सरकारको नेतृत्व सम्हालिरहेका प्रधानमन्त्रीले भारतीय समकक्षी नरेन्द्र मोदीसँग उच्चस्तरीय कूटनीतिक मञ्चमै स्पष्ट र दृढ ढंगले सीमा विवादको विषय राख्न सक्नुपर्थ्यो । स्वदेश फर्केपछि आयोजित पत्रकार सम्मेलनमासमेत सीमा अतिक्रमण र भ्रमणका उपलब्धिबारे सरकारको प्रस्तुति स्पष्ट र चित्तबुझ्दो नदेखिनुले कूटनीतिक संवादको गाम्भीर्यमाथि थप शंका उब्जाएको छ । परराष्ट्र सचिवस्तरमा छलफल गर्ने भनाइ आफैंमा नराम्रो नभए पनि वर्षौंदेखि अल्झिएको जटिल विषयलाई ठोस राजनीतिक निष्कर्षतर्फ लैजान उच्च तहकै स्पष्ट प्रतिबद्धता र निरन्तरता अपरिहार्य हुन्छ ।

अर्कातर्फ, भ्रमणका क्रममा भएका केही सकारात्मक तथा व्यावहारिक पक्षलाई पनि नजरअन्दाज गर्न मिल्दैन । ऊर्जा क्षेत्रका लागि सहुलियत ऋण तथा पुनर्निर्माण र पूर्वाधारका लागि अनुदान सहायता, भैरहवा हवाई मार्गलाई दुईतर्फी बनाउने सैद्धान्तिक सहमति, काण्डला र पारादीप बन्दरगाहसम्म पहुँचको घोषणा, 'सरयू-कमला एक्सप्रेस' रेल सेवाको सुरुवात, बनबासा एकीकृत जाँच चौकीको शिलान्यास, धार्चुला-दार्चुला मोटरेबल पुलको उद्घाटन तथा ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाको शिलान्यासजस्ता कदमले द्विपक्षीय कनेक्टिभिटी र आर्थिक सहकार्यलाई गति दिने अपेक्षा गर्न सकिन्छ ।

तर, भौतिक पूर्वाधार, रेल, बन्दरगाह र ऊर्जा सहकार्यको विस्तारले मात्र सार्वभौमिकता र भौगोलिक अखण्डतासँग जोडिएको सीमा समस्याको विकल्प दिन सक्दैन । विकास र समृद्धिको साझेदारीसँगै राष्ट्रिय स्वाभिमान, समानता र अन्तर राष्ट्रिय मान्यताअनुरूप सीमा विवादको स्थायी समाधान खोजिनुपर्छ । अबको कूटनीतिक यात्रा केवल सामान्य वक्तव्य र औपचारिक आश्वासनमा सीमित नभई स्पष्ट समयसीमा, तथ्यपरक कूटनीति र परिणाममुखी संवादतर्फ केन्द्रित हुनुपर्छ ।

श्रम सरोकार

निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टचाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।

बालअधिकार र संरक्षणका आयाम



■ मनोहर कार्की

> बालअधिकारको कार्यान्वयनको प्रत्याभूतिका लागि हाम्रा विद्यमान कानुन तथा ऐन नियमलाई समयसापेक्ष कार्यान्वयन गर्ने, बालबालिकाका हितलाई प्रत्याभूति दिलाउने दिशामा उपयोग गरिनुपर्दछ । मानवअधिकारसम्बन्धी अन्तर राष्ट्रिय घोषणपत्र-१९४८ को धारा २६ मा शिक्षा पाउने अधिकार सबैलाई छ भन्ने उल्लेख भएअनुसार हाम्रो सरकारको नैतिक र कानुनी दायित्वभित्र यसको अक्षरशः पालना र प्रतिबद्धताका साथ लागू गर्न नेपाल सरकार दृढताका साथ उभिनुपर्छ ।

बालअधिकारका मूल्य मान्यताका विश्वव्यापी प्रचलनको कुन हदसम्म बालबालिकाले उपयोग गर्न सके र राज्य सञ्चालकले बालबालिकाको नैसर्गिक अधिकारको संरक्षण र प्रवर्द्धनका दिशामा के कति काम भए समीक्षाको पाटो र बहसको विषय रहला । संविधानको मौलिक हकका रूपमा बालअधिकारलाई आधारभूत अधिकारका रूपमा प्रत्याभूति दिएको छ । बालअधिकारका सबाललाई बालअधिकारसम्बन्धी ऐन, नियमावली लगायतमा बग्रेल्ती व्यवस्था भएका छन् । तर पनि बालअधिकार र बालबालिकाका हित सम्वर्द्धनमा धेरै कार्य अपुग छन् । बालअधिकारका सन्दर्भमा बालअधिकारका आयामिक पाटालाई साझा सरोकारको सवाल र मुद्दाका रूपमा लिएर सम्बोधन हुनसकेको खण्डमा हाम्रा विगतका प्रयासले सार्थकता पाउन सक्लान् ।

बालअधिकारका सवालमा सधैं बहस पैरवी र यसको संरक्षण प्रवर्द्धनका दिशामा विभिन्न कोण प्रतिकोणबाट आवाज मुखरित भएका छन् । सन् १९४८ मा संयुक्त राष्ट्रसंघको प्रयासमा बालअधिकारसम्बन्धी १० बुँदे घोषणपत्र तयार गरी विश्वव्यापीरूपमा प्रचारप्रसार गरियो । बालअधिकारको ड्राफ्ट तयारी र लामो समयान्तरको संस्थागत प्रयासपश्चात् सन् १९८९ को नोभेम्बर २० तारेखका दिन विधिवत्रूपमा संयुक्त राष्ट्रसंघले राष्ट्रसंघीय महासभाबाट बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित भयो । पछिल्लो वर्ष सन् १९९० सेप्टेम्बरदेखि बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयनमा आयो । साथै, नेपालले पनि यस महासन्धिमा पक्षधर राष्ट्रको हैसियतले हस्ताक्षर गरेपश्चात् नेपालमा पनि विधिवत्रूपमा कार्यान्वयनमा आयो । सन् १९२३ मा बेलायती बालअधिकारका अग्रज अभियन्ता इग्लिन्टन जेबको पहलमा विश्वमा बालअधिकारको आवाजले सार्वजनिक सरोकारको मुद्दाका रूपमा विश्वमञ्चको ध्यान आकर्षित गऱ्यो । तत्पश्चात् बालधिकारको बहसलाई विश्वका विभिन्न मुलुक तथा संस्थागतरूपमा उठानका प्रयासले निरन्तरता पायो ।

बालअधिकारको कार्यान्वयनको प्रत्याभूतिका लागि हाम्रा विद्यमान कानुन तथा ऐन नियमलाई समयसापेक्ष कार्यान्वयन गर्ने, बालबालिकाका हितलाई प्रत्याभूति दिलाउने दिशामा उपयोग गरिनुपर्दछ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणपत्र-१९४८ को धारा २६ मा शिक्षा पाउने अधिकार सबैलाई छ भन्ने उल्लेख भएअनुसार हाम्रो सरकारको नैतिक र कानुनी दायित्वभित्र यसको अक्षरशः पालना र प्रतिबद्धताका साथ लागू गर्न नेपाल सरकार दृढताका साथ उभिनुपर्छ । नागरिक र राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६ मा 'प्रत्येक व्यक्तिले शिक्षा आर्जन गर्न पाउनुपर्छ' भन्ने उल्लेख छ । नेपाल सरकारले सन् १९९१ मे १४ मा यस अभिसन्धिमा विधिवत् हस्ताक्षर गरेपश्चात् कार्यान्वयन तहमा ल्याउनु नेपाल सरकारको वैधानिक दायित्वभित्र पर्ने विषय हो ।

अन्तर्राष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा बालअधिकारको न्यूनतम् मापदण्डलाई गाउँबस्ती तथा दुरदराजका बालबालिकाको घर आँगन करेसासम्म विचरण गर्ने वातावरण बनाउनुपर्दछ । न्यायपूर्ण, समावेशी, सहभागितामूलक र समन्यायिक प्रणाली लोकतन्त्रको मियो हो । सामाजिक संस्थाले कार्यक्रममा साथ र राजनीतिक दलले बालअधिकार र बालहितका सवालमा आफ्ना दलका नीति तथा कार्यक्रमिक जनपरिचालनमा कुनै न कुनै रूपमा कार्यक्रम उल्लेख गरेर झारो टार्ने कर्मकाण्ड गर्दै आएका छन् । बालकल्याण र बालअधिकारको कार्यान्वयनका दिशामा प्रतिबद्धता पनि आएकै छन् । संकल्प, प्रतिबद्धता वा घोषणपत्रमा उल्लिखित सोच, नीति र कार्यक्रमलाई ठोस मानेमा दृढताका साथ काम गराइको बानीमा रूपान्तरण गर्नुछ ।

बालबालिकाको नैसर्गिक अधिकारको प्रत्याभूति तथा बालअधिकारको कार्यान्वयनका दिशामा सरकारी तथा सरोकारवाला निकायहरूको जुन मानेमा सदासयता र तत्परता देखाउनुपर्ने थियो त्यसको गुञ्जायसको गहनतालाई मनन गरिएको पाईदैन । बालअधिकारको हननमा कुनै न कुनै रूपमा हाम्रो परम्परा तथा कार्यशैली जिम्मेवार रहेको छ । बाल श्रमिकका रूपमा सयौं बालबालिकाहरू जोखिमपूर्ण र निकृष्ट कार्य गर्न बाध्य छन् । घरेलु श्रमिकका रूपमा आश्रित बालबालिकाको संख्या पनि हाम्रो समाजमा बग्रेल्ती छ । उद्योग तथा कलकारखानामा सयौंका संख्यामा कलिला बालबालिकाहरू निकृष्ट र निकै जोखिमपूर्ण कार्य गर्न बाध्य पारिएको अवस्थामा यस्ता बालबालिकाहरूको उद्धार तथा शिक्षादिक्षा र उचित जीवनयापनको वातावरण बनाउने दिशामा सहरबजारमा केन्द्रित बग्रेल्ती गैरसरकारी संस्थाहरूको ध्यान कहिले पुग्ने हो कुन्नि ? बालउपयोगी कार्यक्रम अनि विकास र अवसरको खोजी र उचित मार्गदर्शनको प्रतीक्षा छ । हामीले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा एक पक्षधर राष्ट्रका हैसियतले अनुमोदन गरेपश्चात् त्यसको दायित्वबोधको अपनत्व लिएका छौं ।

नेपालको संविधान, २०७२ मा बालअधिकारलाई समेटिएका मौलिक हकका प्रावधान रहेका छन् । जसको अक्षरशः पालनाका दिशामा व्यावहारिक दायित्वबोधका साथ सरकारले जुनरूपमा चासो लिएको छ त्यसमा अझ प्रभावकारिता ल्याउने दिशामा काम हुन सकिरहेको छैन । संविधानको भाग ३ को धारा ३९ का उपधारा १-९ सम्ममा बाल हकका बहुआयामिक पाटालाई समावेश गरिए पनि सरोकारवाला निकायले हक कार्यान्वयनमा प्रतिबद्धताका साथ काम गरि नुपर्दछ । बालअधिकारको उल्लंघनमा दण्ड सजायको पेचिलो कार्यान्वयन बाल हकको प्रत्याभूतिको सोपान रहला ।

पछिल्ला घटनाक्रमको सतही विश्लेषण गरिएको खण्डमा नेपालका विभिन्न क्षेत्रमा बालबालिकाको अपहरण, दुर्व्यवहारका घटनाहरू बढ्दो क्रममा छ । यस्ता अमानवीय तथा कुत्सित कार्यको निन्दा र भर्त्सना समाजलाई सचेत गराउने पाटो रहला । तर यस्ता जघन्य अपराधलाई निर्मूल गर्ने दिशामा अपराध मनोविज्ञान तथा सामाजिक संरचनाका विविध पाटामा गम्भीर खोजी तथा अनुसन्धानले महत्त्व राख्छ । आपराधिक घटनाले हाम्रो समाज आजित र त्रसित छ । आमजनताले राज्यको दरिलो उपस्थिति र न्यायको खोजी गरिरहेको छ । बालबालिकाहरू हराउने क्रम निरन्तर रहनु सामाजिक विडम्बना हो, जसको समाधानमा सामाजिक दायित्वबोध अपरिहार्य छ । तुलनात्मकरूपमा सहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रका बालबालिकाहरू हराउने गरेको तथ्यांकले पुष्टि गरेको छ ।

बालबालिका खोजतलास तथा उद्धारका लागि बालबालिका खोजतलास समन्वय केन्द्र, बाल संरक्षण समितिलगायतका निकायले निरन्तर प्रयास गर्दै आए पनि आशातीत सफलता पाउन नसकिएको यथार्थता छर्लंग छ । बालश्रमिकका रूपमा बालबालिकाहरूलाई विभिन्न क्षेत्रमा प्रयोग अर्को चुनौतीपूर्ण रहेको छ । कारखाना तथा औद्योगिक क्षेत्रलगायतका क्षेत्रमा निकृष्ट तथा अति जोखिमपूर्ण काममा अझै पनि सयौं बालबालिकाहरू प्रयोग भइआएको सन्दर्भमा बालश्रम निषेधसम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयनमा चुनौती थपिएको छ ।

बालबालिकाका हित र विकासका सवालमा मौलिक हक तथा निर्देशक सिद्धान्तमासमेत संवैधानिक प्रतिबद्धता भएको पाइन्छ । प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक रहने छ । त्यस्तै प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने छ । शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय रहने छ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरेबमोजिम क्षतिपूर्ति दिइने छ । यसैगरी संविधानमा स्पष्टरूपमा असहाय, अनाथ, सुस्त मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा परेका सडक बालबालिकलाई सुनिश्चित भविष्यका लागि राज्यबाट विशेष सुविधा पाउने हक हुने छ भन्ने व्यवस्था छ । कार्यान्वयनपक्षलाई अझ दरिलो र परिणाममुखी समयसापेक्ष छ ।

प्रत्यक्ष र परोक्षरूपमा बालबालिकाको हक अधिकारको उल्लंघनका घटना सामान्यतः हाम्रै सामाजिक परिवेशका क्षेत्रमा बढी पाइएका छन् । बालअधिकारको संरक्षण, बालमैत्री शासन र शैक्षिक वातावरण निर्माणमा सरोकारवाला निकाय गम्भीर हुनुपर्दछ । बालअधिकार सार्वजनिक प्रतिबद्धता र कार्यान्वयनको वातावरणसहित बालअधिकार सुनिश्चित होस् ।



बैकुण्ठ भण्डारी

उता सम्झौताको धोको यता ऋणको पोको

भारत भ्रमण सकेर प्रधानमन्त्री वालेन्द्र शाह स्वदेश फर्किएपछि फेरि एकपटक राजनीतिक वृत्तमा उपलब्धिको चर्चा चुलिएको छ । भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने समझदारी, ५६ अर्ब रूपैयाँ अनुदान र एक खर्ब ८४ अर्ब रूपैयाँ सहुलियतपूर्ण ऋणको सहमतिलाई लिएर सामाजिक सञ्जालदेखि चिया पसलसम्म प्रशंसाका ताली बजिरहेका छन् । कसैले यसलाई ऐतिहासिक उपलब्धि भनेका छन्, कसैले बालेनको कूटनीतिक सफलताको संज्ञा दिएका छन् । तर मटचाङ्ग्रोलाई भने एउटा प्रश्नले सताइरहेको छ- आखिर भैरहवा-लखनउ हवाई मार्गमा जहाज कहिलेदेखि उड्छ ? अनुदान र ऋणको रकम कहिले, कुन परियोजनामा र कसरी खर्च हुन्छ ?

नयाँ प्रधानमन्त्री भारत गएर केही न केही उपलब्धि लिएर फर्किनु सकारात्मक कुरा हो । छिमेकीसँग सम्बन्ध राम्रो हुनुपर्छ । भारतसँगको आर्थिक, व्यापारिक, सांस्कृतिक र कूटनीतिक सम्बन्ध नेपालको विकासका लागि महत्त्वपूर्ण छ । तर सम्झौता हुनु र त्यसको कार्यान्वयन हुनु फरक कुरा हुन् भन्ने सामान्य ज्ञान हामीले अझै सिक्न सकेका छैनौं । हरेक प्रधानमन्त्रीको भारत भ्रमणपछि उपलब्धिको सूची सार्वजनिक हुन्छ, केही दिन चर्चा हुन्छ, ताली बज्छ, अनि विस्तारै ती उपलब्धि सरकारी फाइलको कुनै दराजमा थन्किन्छन् ।

मटचाङ्ग्रोले यसपालि पनि चन्द्रेलाई यही कुरा सम्झाउन खोजिरहेको छ । विगतका प्रधानमन्त्रीहरूको भारत भ्रमण सम्झँदा कहिले मुर्रा राँगोको चर्चा आयो, कहिले रेल, कहिले पाइपलाइन, कहिले विद्युत् व्यापार र कहिले जलविद्युत् आयोजनाको । भारत भ्रमणबाट फर्किएका प्रधानमन्त्रीहरूले देशले ठूलो उपलब्धि हासिल गरेको घोषणा गरे । तर ती घोषणाको कार्यान्वयन र जनताले पाएको प्रतक्ष लाभको हिसाब खोज्ने परिपाटी भने कहिल्यै बलियो बनेन ।

प्रचण्डको भारत भ्रमणका बेला भारतले नेपाललाई १५ वटा मुर्रा जातका राँगो उपलब्ध गराउने विषयले निकै चर्चा पाएको थियो । प्रधानमन्त्रीको भ्रमणको उपलब्धि मुर्रा राँगो भनेर सामाजिक सञ्जालमा बाढी नै आयो । वास्तवमा उन्नत नश्लका राँगो पशुपालन क्षेत्रका लागि उपयोगी हुन सक्छन् । तर प्रधानमन्त्रीको उच्चस्तरीय भ्रमणबाट देशले खोज्ने उपलब्धि त्यत्तिमै सीमित हुनु हुँदैन भन्ने प्रश्न उठेको थियो । त्यतिबेला मुर्रा राँगोको चर्चा भयो, अहिले भैरहवा-लखनउ हवाई मार्गको चर्चा भइरहेको छ । फरक यति हो, त्यतिबेला राँगोको प्रतीक्षा थियो, अहिले जहाजको प्रतीक्षा छ ।

प्रधानमन्त्री बालेनको भारत भ्रमणमा भएको भैरहवा-लखनउ हवाई मार्गसम्बन्धी समझदारी निश्चय पनि महत्त्वपूर्ण छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएपछि अन्तर्राष्ट्रिय उडान नियमित हुन नसक्दा त्यसको उपयोगितामाथि प्रश्न उठ्दै आएको छ । करोडौं रूपैयाँ लगानी भएको विमानस्थलले अपेक्षित व्यावसायिक गति लिन सकेको छैन । लुम्बिनी आउने विदेशी पर्यटकले सहज हवाई पहुँच पाउन सकेका छैनन् । भैरहवा, बुटवल र आसपासका पर्यटन व्यवसायी तथा उद्योगीले अन्तर्राष्ट्रिय उडानको प्रतीक्षा गरिरहेका छन् । यस्तो अवस्थामा भैरहवा-लखनउ हवाई मार्गलाई दुईतर्फी बनाउने सहमति कार्यान्वयन भयो भने त्यसले पश्चिम नेपालको पर्यटन, व्यापार र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्न सक्छ । तर यहाँ पनि मटचाङ्ग्रोको प्रश्न उही छ, जहाज कहिले उड्छ ?

हवाई मार्गको प्राविधिक प्रक्रिया टुंग्याउनुपर्ने छ । सम्बन्धित निकायबीच समन्वय हुनुपर्ने छ । उडान गर्ने विमान कम्पनीले व्यावसायिक सम्भावना हेर्नुपर्ने छ । यी सबै काम सम्पन्न नभएसम्म हवाई मार्गको सहमति कागजमै सीमित रहने छ । विमानस्थल बनाउने बेला पनि ठूलै तामझाम गरिएको थियो । अन्तर्राष्ट्रिय उडानको सपना देखाइएको थियो । अहिले फेरि हवाई मार्गको सहमति भएको छ । यसपालि कम्तीमा उडानको मिति सार्वजनिक होस् । नत्र भैरहवाका जनताले विमानस्थल हेरेर जहाजको कल्पना गर्नेबाहेक अर्को काम पाउने छैनन् ।

अर्कोतर्फ भारतले दिने भनिएको ५६ अर्ब रूपैयाँ अनुदान र एक खर्ब ८४ अर्ब रूपैयाँ ऋणको विषयलाई पनि एउटै उपलब्धिको डालोमा राखेर ताली बजाउनु उचित हुँदैन । अनुदान भनेको फिर्ता गर्नु नपर्ने रकम हो भने ऋण भनेको भविष्यमा तिर्नुपर्ने दायित्व हो । दुई खर्ब ४० अर्ब रूपैयाँ सहयोग घोषणा भएको भन्दै उत्सव मनाउनुअघि त्यसको प्रकृति, सर्त, ब्याजदर, भुक्तानी अवधि र लगानी हुने परियोजनाबारे जनतालाई स्पष्ट जानकारी दिनुपर्छ ।

हामीकहाँ ऋण लिएर आयोजना बनाउने तर आयोजना समयमै सम्पन्न गर्न नसक्ने पुरानो समस्या छ । कतिपय आयोजना वर्षौंसम्म अधुरै रहन्छन् । लागत बढ्छ, निर्माण अवधि लम्बिन्छ र अन्ततः राज्यले ऋणको भार बोकिरहनुपर्छ । यस्तो अवस्थामा ऋणको रकम ठूलो हुनुमात्रै उपलब्धि होइन । त्यसबाट निर्माण हुने आयोजना कति उत्पादनशील छन्, कति रोजगारी सिर्जना गर्छन् र मुलुकको अर्थतन्त्रमा कति योगदान पुऱ्याउँछन् भन्ने कुरा महत्त्वपूर्ण हो ।

मटचाङ्ग्रोलाई चन्द्रेले बारम्बार भन्ने गरेको एउटा कुरा याद आउँछ, प्रधानमन्त्रीले पैसा ल्याएपछि ताली बजाउनुपर्छ । तर मटचाङ्ग्रोको तर्क अलि फरक छ । अनुदान ल्याए धन्यवाद दिनुपर्छ, ऋण ल्याए त्यसको हिसाब माग्नुपर्छ । किनकि अनुदानको रकम खर्च गर्दा पनि जवाफदेहिता चाहिन्छ, ऋणको रकम खर्च गर्दा त झन् दोब्बर जिम्मेवारी चाहिन्छ ।

भारतसँग नेपालको सम्झौताको इतिहास लामो छ । हुलाकी राजमार्ग, एकीकृत जाँच चौकी, पेट्रोलियम पाइपलाइन, विद्युत् प्रसारणलाइन, रेलमार्ग, जलविद्युत् आयोजना र पारवहन सुविधासम्बन्धी सम्झौताहरू भएका छन् । कतिपय आयोजना सम्पन्न भएका छन्, कतिपय सञ्चालनमा छन् र कतिपय अझै कार्यान्वयनको प्रतीक्षामा छन् । पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको चर्चा दशकौंदेखि भइरहेको छ । जलस्रोतको उपयोग, विद्युत् व्यापार र सीमा पूर्वाधारका विषयमा पनि अनेकौं सहमति भएका छन् । तर हरेक नयाँ प्रधानमन्त्रीको भारत भ्रमणले पुराना सम्झौताको कार्यान्वयन अवस्थाबारे प्रश्न उठाउनुपर्ने आवश्यकता देखिन्छ ।

यसपालिको भ्रमणमा पनि कृषि औद्योगिक पार्क, शिक्षा, स्वास्थ्य, पशुपन्छी, सञ्चार र पूर्वाधारलगायतका क्षेत्रमा सहकार्यका विषय आएका छन् । चितवनमा कृषि औद्योगिक पार्क बनाउने कुरा किसानका लागि महत्त्वपूर्ण हुन सक्छ । तर नेपालका किसानले उत्पादन गरेको कृषि उपजको बजार सुनिश्चित नभएसम्म औद्योगिक पार्कको भवनलेमात्रै कृषि क्षेत्रको समस्या समाधान गर्दैन । किसानले मल पाएका छैनन्, सिँचाइको सुविधा छैन, उत्पादनको उचित मूल्य पाएका छैनन् । बजार नपाएर तरकारी सडकमा फाल्नुपर्ने अवस्था छ । यस्तो बेला कृषि औद्योगिक पार्कको घोषणामात्रै होइन, त्यसले किसानको आम्दानी कसरी बढाउँछ भन्ने स्पष्ट योजना चाहिन्छ ।

नेपालका प्रधानमन्त्रीहरूको भारत भ्रमणलाई केवल कूटनीतिक औपचारिकताका रूपमा हेर्न मिल्दैन । भारत नेपालको सबैभन्दा नजिकको छिमेकी र प्रमुख व्यापारिक साझेदार हो । त्यसैले दुई देशबीचका सहमति नेपालको राष्ट्रिय हित, आर्थिक स्वाधीनता र दीर्घकालीन विकाससँग जोडिनुपर्छ । प्रधानमन्त्री बालेनको भ्रमणमा भएका समझदारीलाई पनि यही डोकोमा राखेर मूल्यांकन गर्नुपर्दछ । नयाँ पुस्ताले पुरानो राजनीतिक शैली बदल्ने अपेक्षा गरेको छ । त्यसैले भ्रमणको उपलब्धि प्रचारमा होइन, परिणाममा देखिनुपर्छ ।

अब सरकारले गर्नुपर्ने काम स्पष्ट छन् । भैरहवा-लखनउ हवाई मार्गको प्राविधिक प्रक्रिया तत्काल टुंग्याएर उडान सुरु हुने मिति सार्वजनिक गर्नुपर्छ । अनुदान र ऋणको छुट्टाछुट्टै परियोजना विवरण सार्वजनिक गर्नुपर्छ । विगतका भारतसँग भएका सम्झौताको कार्यान्वयन अवस्था जनतासामु ल्याउनु पर्दछ । नयाँ सम्झौताका लागि जिम्मेवार निकाय र समयसीमा तोक्नुपर्छ । प्रधानमन्त्रीको सचिवालयले भ्रमणको उपलब्धि सार्वजनिक गरेपछि सम्बन्धित मन्त्रालयले त्यसको प्रगति विवरण पनि सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्छ ।

मटचाङ्ग्रोको चिन्ता प्रधानमन्त्री भारत गएकोमा होइन, प्रधानमन्त्री फर्किएपछि उपलब्धिको चर्चा सेलाउने र कामको परिणाम नदेखिने पुरानै प्रवृत्तिमा हो । यसपालि पनि बालेनको भ्रमणलाई लिएर ताली बजिरहेको छ । त्यो ताली केही दिनपछि रोकिने छ । तर भैरहवाको विमानस्थलमा जहाज नउडेपछि त्यहाँका व्यवसायीको निराशा फेरि सुरु हुने छ । ऋणको रकम खर्च भएर आयोजना अधुरै रहेपछि त्यसको भार नेपाली जनताले नै बोक्नुपर्ने छ ।

प्रधानमन्त्रीको भ्रमण सफल भएको प्रमाण भाषण, फोटो र संयुक्त वक्तव्य होइन । भैरहवाबाट नियमित जहाज उड्नु, किसानले बजार पाउनु, उद्योगमा उत्पादन बढ्नु र जनताले रोजगारी पाउनु हो । भारतबाट सम्झौताको पोको बोकेर फर्किनु ठूलो कुरा होइन, त्यसलाई कार्यान्वयन गरेर जनताको जीवनमा परिवर्तन ल्याउनु ठूलो कुरा हो ।

त्यही भएर पनि मटचाङ्ग्रोले चन्द्रेलाई सम्झाउने एउटै उखान हो, ल्हासामा सुन छ, कान बुच्चै ! भार तसँग सम्झौताको सुनको थुप्रो लागेको छ, अनुदान र ऋणको हिसाब पनि ठूलो छ, तर त्यसको लाभ नेपाली जनताको हातमा कहिले पर्छ ? हवाई मार्गमा जहाज कहिले उड्छ ? यसको जवाफ नआएसम्म ताली बजाएर मात्रै देशको कानमा विकासको सुन लगाउन सकिँदैन ।

पञ्चकोटमा ठडिँदै १०८ फिट अग्लो विश्वशान्ति कलश



बागलुङ– धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास भइरहेको बागलुङको पञ्चकोटमा १०८ फिट अग्लो विश्वशान्ति गण्डकी कलश निर्माणले गति लिएको छ ।

बजेट अभावका कारण लामो समय रोकिएको कलश निर्माण अहिले संघीय सरकारको बहुवर्षीय योजनामार्फत अघि बढाइएको छ । बागलुङ नगरपालिका-६ स्थित सर्वसिद्धिधाम पञ्चकोटमा संघीय सरकारको सहरी विकास तथा भवन निर्माण विभागमार्फत सात करोड रूपैयाँ लागतमा कलश निर्माण भइरहेको छ । १३ तलाको संरचना निर्माण गरिने कलशको अहिले तेस्रो तलाको ढलान तयारी भइरहेको छ ।

स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाको परिकल्पनामा पञ्चकोटलाई विश्वस्तरको धार्मिक तथा पर्यटकीय गन्तव्य बनाउने उद्देश्यले १२ वर्षअघि कलश निर्माणको शिलान्यास गरिएको थियो । वि.सं. २०७१ मा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालासहित विशिष्ट व्यक्तिको उपस्थितिमा शिलान्यास भए पनि बजेट अभावका कारण निर्माणले गति लिनसकेको थिएन । तर पञ्चकोटमा करोडौंका अन्य सहायक संरचना निर्माण भएर धार्मिक पर्यटकहरू भने तान्दै आएको छ ।

पञ्चकोट विकास परिषद्का अध्यक्ष जगन्नाथ आचार्यका अनुसार एक वर्षयता बहुवर्षीय योजनामार्फत सात करोड रूपैयाँ बजेटमा ठेक्कामार्फत कलश निर्माणले गति लिएको हो । आगामी दुई वर्षभित्र बाहिरी संरचनाको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

लिफ्टसहित १३ तलाको कंक्रिट संरचना निर्माण गरी बाहिरबाट १०८ फिट अग्लो देखिने कलश बनाउने गुरुयोजना छ । बाहिरी संरचना निर्माण ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिने छ भने कलशको स्वरूप र भित्री संरचना निर्माणका लागि दान तथा सहयोग जुटाउने योजना रहेको आचार्यले बताए ।

कलश पूर्णरूपमा निर्माण सम्पन्न गर्न ४५ करोड रूपैयाँभन्दा बढी खर्च लाग्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा उल्लेख छ । सरकारी सहयोग, विभिन्न समयमा आयोजना गरिएका महायज्ञ र भक्तजनबाट प्राप्त दान तथा सहयोग जुटाएर निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ ।

जलसम्पदाको संरक्षण र संवर्द्धनको सन्देश प्रवाह गर्ने उद्देश्यले निर्माण गर्न लागिएको विश्वशान्ति गण्डकी कलशलाई नदी तथा जलका विभिन्न स्वरूपको प्रतीकका रूपमा विकास गरिने छ । गण्डकी सभ्यता र जल संरक्षणको महत्त्व उजागर गर्दै विश्वकै ठूलो र अग्लो कलश बनाउने लक्ष्य रहेको परिषद्ले जनाएको छ ।

कलश निर्माण सम्पन्न भएपछि पञ्चकोटको धार्मिक तथा पर्यटकीय आकर्षण थप बढ्ने र वैदिक सनातन धर्मावलम्बीका लागि आस्थाको महत्त्वपूर्ण केन्द्र बन्ने अपेक्षा गरिएको छ । यसले स्थानीय आर्थिक तथा सामाजिक विकासमासमेत योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

पञ्चकोटमा अहिले दैनिक सयौं पर्यटक अवलोकन तथा भ्रमणका लागि आउने गरेका छन् । स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाले पाँचकोटको संगमस्थललाई आधार बनाएर पञ्चकोट धामको परिकल्पना गरेका थिए । त्यसपछि यहाँ विभिन्न धार्मिक तथा पर्यटकीय संरचना निर्माण हुँदै आएका छन् ।

हाल पञ्चकोटमा सुविधासम्पन्न तीनतले आवासीय भवन, गण्डकी माता मन्दिर, शिशमहल, पाँच हजार ५५५ किलोको महाघण्ट, हनुमान शिला, गरुड शिलालगायत संरचना निर्माण भइसकेका छन् । कलश निर्माणले पूर्णता पाएसँगै पञ्चकोट धार्मिक पर्यटनको थप आकर्षण बन्ने अपेक्षा गरिएको छ । *रासस*

तराई-मधेसमा मौलिक पर्व सामा चकेवाको रौनक

बारा– दाजुबहिनीको मूर्तिलाई परम्परागत गीत प्रेमको प्रतीकको रूपमा रहेको तराई-मधेसको मौलिक पर्व सामा चकेवाको रौनक अहिले तराई मधेसमा छाएको छ । अहिले गाउँगाउँमा किशोरी समूह/समूह बनाएर सामा चकेवा खेल्ने गरेको पाइन्छ । गोवर्द्धन पूजाको रातिदेखि उनीहरू सामा चकेवा खेल्न थालेका हुन् । कार्तिक पूर्णिमासम्म खेलिने यस मौलिक पर्वले अहिले गाउँमा बेग्लै रौनक बढाएको छ । यो पर्व विशेषगरी तराई-मधेसका रौतहट, बारा, पर्सा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, धनुषा, महोतरी, नवलपरासीलगायत क्षेत्रमा बसोबास गर्ने मधेसी तथा थारु समुदायमा मनाउने परम्परा छ ।

स्थानीय पुरोहित धीरेन्द्र मिश्रका अनुसार द्वापरयुगमा भगवान् श्रीकृष्णले आफ्नो बाल्यकाल गोकुलमा बिताइ मथुरामा आएपछि राधिका र भगवान् कृष्णका १६ हजार गोपिनीले भगवान् कृष्णको सम्झनामा मनाउने सामा चकेवा कालान्तरमा दाजुबहिनीको प्रेम र सद्भावको मौलिक पर्वमा रूपान्तरित भएको छ ।

'यो पर्वमा पहिला दाजुलाई गीतिशैलीमा बहिनीले मार्ने र फेरि गीतिशैलीको माध्यमले नै जीवित बनाउने गर्छन्,' उनले भने, 'यस दृश्यलाई सर्वसाधारणले अभिरुचीपूर्वक अवलोकन गर्ने र गीत सुन्ने गर्छन् ।'

दुई सातासम्म मनाइने यस सांस्कृतिक पर्वमा रातको समयमा गाउँघरका खासगरी कुमारी कन्या एकत्रित भई माटोले बनाइएको मूर्तिहरूको लोक गीत गाएर पूजाआजा गरिन्छ । पर्वको अन्तिम दिन पूर्णिमाको रातमा उक्त बजेटमा ठेक्कामार्फत कलश निर्माणले गति लिएको हो । आगामी दुई वर्षभित्र बाहिरी संरचनाको निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

लिफ्टसहित १३ तलाको कंक्रिट संरचना निर्माण गरी बाहिरबाट १०८ फिट अग्लो देखिने कलश बनाउने गुरुयोजना छ । बाहिरी संरचना निर्माण ठेक्का प्रक्रियामार्फत सम्पन्न गरिने छ भने कलशको स्वरूप र भित्री संरचना निर्माणका लागि दान तथा सहयोग जुटाउने योजना रहेको आचार्यले बताए ।

कलश पूर्णरूपमा निर्माण सम्पन्न गर्न ४५ करोड रूपैयाँभन्दा बढी खर्च लाग्ने विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)मा उल्लेख छ । सरकारी सहयोग, विभिन्न समयमा आयोजना गरिएका महायज्ञ र भक्तजनबाट प्राप्त दान तथा सहयोग जुटाएर निर्माण पूरा गर्ने लक्ष्य राखिएको छ ।

जलसम्पदाको संरक्षण र संवर्द्धनको सन्देश प्रवाह गर्ने उद्देश्यले निर्माण गर्न लागिएको विश्वशान्ति गण्डकी कलशलाई नदी तथा जलका विभिन्न स्वरूपको प्रतीकका रूपमा विकास गरिने छ । गण्डकी सभ्यता र जल संरक्षणको महत्त्व उजागर गर्दै विश्वकै ठूलो र अग्लो कलश बनाउने लक्ष्य रहेको परिषद्ले जनाएको छ ।

कलश निर्माण सम्पन्न भएपछि पञ्चकोटको धार्मिक तथा पर्यटकीय आकर्षण थप बढ्ने र वैदिक सनातन धर्मावलम्बीका लागि आस्थाको महत्त्वपूर्ण केन्द्र बन्ने अपेक्षा गरिएको छ । यसले स्थानीय आर्थिक तथा सामाजिक विकासमासमेत योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

पञ्चकोटमा अहिले दैनिक सयौं पर्यटक अवलोकन तथा भ्रमणका लागि आउने गरेका छन् । स्वामी कमलनयनाचार्य मुक्तिनाथ बाबाले पाँचकोटको संगमस्थललाई आधार बनाएर पञ्चकोट धामको परिकल्पना गरेका थिए । त्यसपछि यहाँ विभिन्न धार्मिक तथा पर्यटकीय संरचना निर्माण हुँदै आएका छन् ।

हाल पञ्चकोटमा सुविधासम्पन्न तीनतले आवासीय भवन, गण्डकी माता मन्दिर, शिशमहल, पाँच हजार ५५५ किलोको महाघण्ट, हनुमान शिला, गरुड शिलालगायत संरचना निर्माण भइसकेका छन् । कलश निर्माणले पूर्णता पाएसँगै पञ्चकोट धार्मिक पर्यटनको थप आकर्षण बन्ने अपेक्षा गरिएको छ । *रासस*

कतारमा रोजगार कम्पनी : MELAKA CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८१/११/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 339772 | चलानी नं. ६०१५३२०७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Waiter	0	1	1400	५६,८०५	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिने वि मेडिकल खर्च गर्नुपर्ने कुरा	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिने बिमा खर्च गर्नुपर्ने लाहोर र दरी लाग्ने	रोजगारका बिमा हुने/नहुने र गर्नुपर्ने लाहोर	हवाई टिकट गर्नुपर्ने दिने र दरी लाग्ने	भिषा शुल्क गर्नुपर्ने दिने र दरी लाग्ने	सामाजिक सुरक्षा कोष गर्नुपर्ने दिने र दरी लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि रहस्यता:	सेवा शुल्क	अनिवार्य शुल्क गर्नुपर्ने र दरी लाग्ने	बस्ने सुविधा	करार अवधि
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाँसम्मा सम्पर्क राख्नुहोला ।

ABC PLACEMENTS PVT. LTD
LIC 537/061/62
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com

साउदीमा रोजगार कम्पनी : NATIONAL FACTORY FOR PROCESSING AND TREATING MINERALS

पूर्व स्वीकृति मिति : २०८३/०१/१८ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 342633 | चलानी नं. ६०२५६१२७

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	loading unloading general factor	1	0	1000	३४,४८५	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिने वि मेडिकल खर्च गर्नुपर्ने कुरा	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिने बिमा खर्च गर्नुपर्ने लाहोर र दरी लाग्ने	रोजगारका बिमा हुने/नहुने र गर्नुपर्ने लाहोर	हवाई टिकट गर्नुपर्ने दिने र दरी लाग्ने	भिषा शुल्क गर्नुपर्ने दिने र दरी लाग्ने	सामाजिक सुरक्षा कोष गर्नुपर्ने दिने र दरी लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि रहस्यता:	सेवा शुल्क	अनिवार्य शुल्क गर्नुपर्ने र दरी लाग्ने	बस्ने सुविधा	करार अवधि
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	५०,०००/-	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाँसम्मा सम्पर्क राख्नुहोला ।

Career International Services [P.] Ltd.
License No. : 646/063/064
घुम्बाराही, पिपलबोट, काठमाडौं, फोन : 8009६89, 8009६83, Dhana Kumari Lama 9851219835
Deepak Khatiwada 9861854817, Email : info@career-intl.com, Website : www.career-intl.com

कतार/साउदीमा रोजगार कम्पनी : MSN' INCH LLSNA'AT

पूर्व स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 350651 | चलानी नं. ६०१६३७२२

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव QR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	DRESSMAKER	4	0	1500	६०,६७०	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

कम्पनी : FANA ALNAJAH ALMUKHTASISA COMPANY FOR CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 350708 | चलानी नं. ६०१६३७२१

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Office and Facility Cleaner	2	0	1000	३४,६७०	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिने वि मेडिकल खर्च गर्नुपर्ने कुरा	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिने बिमा खर्च गर्नुपर्ने लाहोर र दरी लाग्ने	रोजगारका बिमा हुने/नहुने र गर्नुपर्ने लाहोर	हवाई टिकट गर्नुपर्ने दिने र दरी लाग्ने	भिषा शुल्क गर्नुपर्ने दिने र दरी लाग्ने	सामाजिक सुरक्षा कोष गर्नुपर्ने दिने र दरी लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि रहस्यता:	सेवा शुल्क	अनिवार्य शुल्क गर्नुपर्ने र दरी लाग्ने	बस्ने सुविधा	करार अवधि
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाँसम्मा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

कुवेत/साउदीमा रोजगार कम्पनी : KUWAIT BUILDING HOUSE FOR TRADING & CONT. CO.

पूर्व स्वीकृति मिति : २०८१/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 337694 | सेवा शुल्क:१०,०००/- | चलानी नं. ६०१५५१११४

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव KD	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolding Supervisor	1	0	250	७१,१६६	प्रति घण्टा ४.५ KD	८ घण्टा	६ दिन	प्रति घण्टा ४.५ KD	छ		२ वर्ष
2.	Shuttering carpenters	5	0	130	६१,६७७							
3.	Scaffolder	5	0	130	६१,६७७							
4.	Steel fixer	6	0	130	६१,६७७							

कम्पनी : DAL ALMUQADDIMAH ESTABLISHMENT FOR LOGISTICS

पूर्व स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 350672 | चलानी नं. ६०१६३७३५

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलव SR	मासिक तलव ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Heavy Driver Truck	8	0	1800	७१,४०६	का.नि अनुसार	८ घण्टा	६ दिन	का.नि अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ मंसिर १५ गते (1st Dec. 2026) मा हुनेछ ।

रहदेखा अरिने वि मेडिकल खर्च गर्नुपर्ने कुरा	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	रहदेखा अरिने बिमा खर्च गर्नुपर्ने लाहोर र दरी लाग्ने	रोजगारका बिमा हुने/नहुने र गर्नुपर्ने लाहोर	हवाई टिकट गर्नुपर्ने दिने र दरी लाग्ने	भिषा शुल्क गर्नुपर्ने दिने र दरी लाग्ने	सामाजिक सुरक्षा कोष गर्नुपर्ने दिने र दरी लाग्ने (रासस्पष्ट)	कल्याणकारी कोष सम्बन्धि रहस्यता:	सेवा शुल्क	अनिवार्य शुल्क गर्नुपर्ने र दरी लाग्ने	बस्ने सुविधा	करार अवधि
कामदार आफै	दिने	कामदार आफैले	हुने : रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९/- कामदारले तिर्ने	रु १,२००/- कामदार आफैले	निःशुल्क	रु ७००/- कामदार आफैले	रोजगारदाता कम्पनीले	

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक निवेदनको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राखुहोला । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कमैलाई नतिर्नुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इजाजत तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा, सुविधा र अन्य शर्तबारे राम्री पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफूसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग तहाँसम्मा सम्पर्क राख्नुहोला ।

NEPAL HR SOLUTION PVT. LTD.
LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोश्रो पटक सूचना प्रकाशन मिति : २०८३/०८/०८

जल विनायक सामुदायिक वन उपभोक्ता समूह कीर्तिपुर-६ काठमाडौंको वनबाट उत्पादन भई घाटगद्दीमा लट वनाई राखिएको सल्लो र अन्य जात समेत गरी काठ २१६४.०१ घ.फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएकोछ । ईच्छुक व्यक्ति, सङ्ग संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री जल विनायक सामुदायिक वन उपभोक्ता समूह,
कीर्तिपुर-६, काठमाडौं ।

संस्थापक शेयर बिक्री बारे १५ दिने सार्वजनिक सूचना

यस लक्ष्मी सन्राइज बैंकका संस्थापक शेयरधनीहरूले आफ्नो नाममा रहेको शेयरहरु बिक्री गर्न आवश्यक स्वीकृतीको लागि बैंकको संचालक समिति समक्ष दिनुभएको निवेदनका आधारमा खरिद गर्न ईच्छुक संस्थापक शेयरधनीहरुबाट लिखित जानकारी माग गरी यस अघि विभिन्न मितिमा सार्वजनिक सूचना जारी गरिएकोमा तोकिएको मितिभित्र संस्थापक शेयरधनीहरुबाट खरिद गर्न इच्छा देखाइएको बाहेक बाँकी रहन आएको १०५,००० कित्ता संस्थापक शेयर इच्छुक सर्वसाधारणसमक्ष बिक्रीका लागि उपलब्ध रहेको जानकारीका लागि यो सूचना जारी गरिएको छ । उपरोक्त संस्थापक शेयर खरिद गर्न इच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो सम्बन्धी विवरण खुलाई यस बैंकको मुख्य कार्यालय हात्तीसार, काठमाडौंमा लिखित जानकारी गराउन अनुरोध गरिन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited

लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ०१-४५४४६८४/८५
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

ललितपुर महानगरपालिका

१४ नं. वडा कार्यालय, तिखिदेवल, ललितपुर बागमती प्रदेश, नेपाल

चार किल्ला बुझ्नेसम्बन्धी ३५ दिने सूचना

प्रकाशित मिति: २०८३/०८/०८

सावित ललितपुर जिल्ला, माल्टा गाउँपालिका, वडा नं.५ बस्ने श्री सावित्री तिमल्सिनाको नाममा भूमि प्रशासन कार्यालय, लगनखेल, ललितपुरमा स्रेस्ता कायम रहेको सावित ललितपुर जिल्ला, नगर, वडा नं. ५, हाल ललितपुर महानगरपलिका, वडा नं. १४, टुटेपानी स्थित कि.नं. ८१२ जम्मा क्षेत्रफल ०-५-३-० को जग्गामा घर निर्माण गर्नका लागि नक्शा पास गरि पाउँ भनी निजले मिति २०८३/०३/३० गतेका दिन निवेदन दिनु भएको, मिति २०८३/०४/१५ गते यस वडा कार्यालयबाट सूचना प्रकाशित गरी पटक-पटक सँधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा उत्तरतर्फको सँधियार हिराकाजी महर्जन (कि.नं. ९२३) फेला नपर्नु भई उहाँ फिल्डमा अनुपस्थित हुनु भएको हुँदा नक्शा पास कार्य रोकिएकोले यदि कोही कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित यस वडा कार्यालयमा उपस्थित भई आफ्नो चार किल्ला पत्र बुझिफिलन नआएमा कानून बमोजिम नक्शापास प्रक्रिया अघि बढ्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड, झापा,
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३/०८/०८ गते

यस कार्यालयबाट मिति २०८३/०६/३० गतेको सौर्य दैनिकमा आव्हान गरिएको तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रको मूल्याङ्कनबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ५ (क) बमोजिम बोलपत्रदाताहरूले कबोल गरेको अंकको औसत अंकसंग सबैभन्दा नजिक रहेको तथा लागत अनुमान भन्दा सारभूत रूपमा बढी नभएको तपशिल बमोजिमका बोलपत्रदाता सारभूतरूपमा प्रभावग्राही देखिएको हुँदा यस कार्यालयको मिति २०८३ /०८/०७ मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबै बोलपत्रदातारुको जानकारीका लागि **सात** (७) दिने सूचना प्रकाशित गरिएको छ ।

तपशिल

S. N.	Contract ID	Project Name	Awarded Bidder's Name & Address	Quoted Amount (NRs.)	Remarks
1	BTMMUN/WORKS/ NCB-16/083-84	Construction of an Asphalt Concrete Road at Wards No. 6, 7 and 8 of Birtamode Municipality, Jhapa	Nirvana Builders Pvt.Ltd. Birtamode-01, Jhapa	NRs. 10,796,138.40 (Inclusive of VAT & PS)	Closest to average evaluated substantially responsive Bidders
2	BTMMUN/WORKS/ NCB-17/083-84	Construction of an Asphalt Concrete Road at Wards No. 3, 9 and 10 of Birtamode Municipality, Jhapa	Gausila Engineering Pvt.Ltd. Birtamode-05, Jhapa	NRs. 12,577,981.48 (Inclusive of VAT & PS)	Closest to average evaluated substantially responsive Bidders
3	BTMMUN/WORKS/ NCB-18/083-84	Construction of Interlocking Concrete Paver Block Roads at Birtamode Municipality, Ward No. 02, Jhapa	Nama Shiwalaya Construction Pvt.Ltd. Birtamode-01, Jhapa	NRs. 3,699,512.41 (Inclusive of VAT)	Closest to average evaluated substantially responsive Bidders
4	BTMMUN/WORKS/ NCB-19/083-84	Construction of Ward Office Building at Ward No. 4, Birtamode Municipality, Jhapa	Gausila Engineering Pvt.Ltd. Birtamode-05, Jhapa	NRs. 4,999,710.04 (Inclusive of VAT)	Closest to average evaluated substantially responsive Bidders

प्रमुख प्रशासकीय अधिकृत

नेक्स्ट डोर ट्रेडर्स प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०५/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **नेक्स्ट डोर ट्रेडर्स प्रा.लि. (प्रा.लि.नं. ३४१५६२/०७७/०७८)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०८/०७ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ

प्रभाव दैनिक

रूपशाला

'कबड्डी ५' ले कमायो १३ करोडभन्दा बढी

चलचित्र विकास बोर्डले नेपाली चलचित्रको एक साताको बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको छ । बोर्डले सोमबार बिहान सार्वजनिक गरेको रिपोर्टअनुसार दयाहाङ राई र विपीन कार्की अभिनित 'कबड्डी ५: आफ्टर द फाइनल म्याच'को कुल ग्रस कमाइ १३ करोड रूपैयाँ नाघेको छ । प्रदर्शनको सातौँ सातासम्म आइपुग्दा चलचित्रले १३ करोड २६ हजार ९ सय ६७ रूपैयाँ ग्रस कमाइ गरेको छ । यस अवधिमा ४ लाख २४ हजार ८ सय ९२ वटा टिकट बिक्री भएका छन् । पछिल्लो विवरणसँग तुलना गर्दा एक साताभा चलचित्रले करिब ६ लाख ११ हजार रूपैयाँ मात्र थपेको देखिन्छ ।



मंगलबार, ०८ मंसिर २०८३ (Tuesday, 24 November 2026)

चलचित्र विधेयकमाथि सैद्धान्तिक छलफल

■ प्रभाव संवाददाता

काठमाडौं– शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा चलचित्र विधेयक, २०८१ माथि सैद्धान्तिक छलफल भएको छ । चलचित्र क्षेत्रलाई समयानुकूल विकास गर्दै उद्योगका रूपमा स्थापित गर्ने, नयाँ प्रविधि र संघीय संरचनाअनुसार कानुनी व्यवस्था गर्ने तथा चलचित्रकर्मीका अधिकार र क्षेत्रका विद्यमान समस्या सम्बोधन गर्न अघि बढाउने गरी विधेयक समितिको बैठकमा छलफल गरिएको हो ।

सरकारले विसं २०२६ देखि कार्यान्वयनमा रहेको पुरानो चलचित्र ऐनलाई प्रतिस्थापन गर्दै चलचित्र क्षेत्रको विकास, प्रवर्द्धन, नियमन र व्यावसायिक विस्तारका लागि नयाँ विधेयक अघि बढाएको हो । चलचित्रलाई मनोरञ्जनको माध्यममा मात्र सीमित नराखी सामाजिक, सांस्कृतिक, सिर्जनशील तथा आर्थिक योगदान गर्ने उद्योगका रूपमा विकास गर्ने उद्देश्य विधेयकले राखेको छ । समितिका सभापति डा ओजस्वी शेरचनले चलचित्र क्षेत्रका सरोकारवालासँग गहन छलफल गरी विधेयकलाई थप परिष्कृत बनाइने बताइन् ।

चलचित्रले नेपालको भाषा, संस्कृति, पहिचान र राष्ट्रिय हित प्रवर्द्धन गर्ने भएकाले यसको विकास र संरक्षणलाई ध्यान दिएर आवश्यक कानुनी व्यवस्था गरिने उनको भनाइ थियो ।

बैठकमा सांसद डा लेखजंग थापाले चलचित्र विकास बोर्डलाई थप स्वायत्त र अधिकार सम्पन्न बनाउनुपर्ने बताए । चलचित्र संस्कृति र पहिचानको महत्वपूर्ण क्षेत्र भएकाले अभिव्यक्ति स्वतन्त्रताको संरक्षण, सेन्सरसीपलाई थप व्यवस्थित गर्ने कानुनी आधार तथा चलचित्रकर्मीको सामाजिक सुरक्षाका विषय विधेयकमा समेटिनुपर्ने उनले उल्लेख गरे ।

सांसद रमेशकुमार मल्लले चलचित्र क्षेत्रका वर्तमान राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गरी नयाँ कानुन बनाउनुपर्ने बताए । नेपालमा चलचित्र क्षेत्रको ठूलो सम्भावना भए पनि त्यसलाई व्यवहारमा उपयोग गर्न नसकिएको उल्लेख गर्दै पर्यटन र चलचित्र उद्योगलाई एकीकृत रूपमा विकास गर्न आवश्यक कानुनी तथा पूर्वाधार तयार गर्नुपर्ने उनको भनाइ थियो ।

सांसद डा तोसिमा कार्कीले चलचित्रलाई बहुआयामिक क्षेत्रका रूपमा हेर्नुपर्ने बताइन् । नेपाली चलचित्रको उपलब्धता सहज बनाउने, स्वदेशी चलचित्रको प्रदर्शन तथा प्रवर्द्धन गर्ने र चलचित्रले प्रदर्शनका लागि हल नपाउने समस्याको समाधान गर्नुपर्ने उनले उल्लेख गरिन् । नेपाली चलचित्रको बजार, दर्शकको रुची तथा विदेशी चलचित्रको प्रभावबारे पनि अध्ययन गर्नुपर्ने उनको भनाइ थियो ।

सांसद गणेश पौडेलले चलचित्र क्षेत्रका विद्यमान समस्या पहिचान गरी कानुनमा आवश्यक सुधार गर्नुपर्ने बताए । भाषा, संस्कृति र पर्यटनलाई विश्व समुदायमा पुऱ्याउन चलचित्र महत्वपूर्ण माध्यम भएकाले त्यसबाट नेपालले लाभ लिन सक्नुपर्ने उनले उल्लेख गरे । चेतनामूलक, शिक्षामूलक तथा सन्देशमूलक चलचित्रको प्रवर्द्धन र व्यावसायिक रूपमा सफल चलचित्र निर्माणका साथै नयाँ प्रविधिबाट लाभ लिन आवश्यक कानुनी व्यवस्था गर्नुपर्ने उनको भनाइ थियो ।

सांसद डा अच्युतम लामिछानेले चलचित्रकर्मीको पारिश्रमिक, सामाजिक सुरक्षा, शारीरिक तथा मानसिक हिंसा, दुर्घटना र बिमासम्बन्धी विषयलाई कानुनले सम्बोधन गर्नुपर्ने बताए ।

चलचित्र क्षेत्रमा श्रमिकको अधिकार र सुरक्षाका विषय पटकपटक उठ्ने गरे पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको उनले उल्लेख गरे ।

सांसद पुकार बमले चलचित्र क्षेत्रलाई उद्योग र पर्यटनसँग मात्र नभई संस्कारका रूपमा पनि हेर्नुपर्ने बताए । नेपाली चलचित्रले अन्तरराष्ट्रिय बजारमा पर्याप्त उपस्थिति जनाउन नसकेको उल्लेख गर्दै त्यसको प्रवर्द्धन र बजार विस्तारमा ध्यान दिनुपर्ने उनको भनाइ थियो ।

सांसद प्रभा ढकालले चलचित्र पाइरेसी बढ्दै गएको उल्लेख गर्दै त्यसको नियन्त्रण तथा नियमनका लागि विधेयकमा प्रभावकारी व्यवस्था गर्नुपर्ने बताइन् ।

विधेयकमा चलचित्र विकास बोर्डलाई थप स्वायत्त र अधिकार सम्पन्न बनाउने, चलचित्र निर्माण, वितरण तथा प्रदर्शनलाई व्यवस्थित गर्ने र बोर्डको नियमनकारी भूमिका सुदृढ गर्ने प्रस्ताव गरिएको छ । चलचित्र क्षेत्रमा बक्स अफिस प्रणालीलाई अनिवार्य तथा व्यवस्थित गरी टिकट बिक्री, आम्दानी, कर, प्रदर्शन अवधि र दर्शकको रुचीसम्बन्धी विवरण पारदर्शी बनाउने व्यवस्था पनि विधेयकमा समेटिएको छ ।

त्यस्तै, चलचित्रकर्मीको श्रम अधिकार र सामाजिक सुरक्षा, मातृभाषाका चलचित्रको प्रवर्द्धन, आदिवासी जनजाति समुदायका कलात्मक तथा बौद्धिक चलचित्रको संरक्षण, स्वदेशी चलचित्रको बजार विस्तार, विदेशी लगानी आकर्षण र नयाँ प्रविधिको प्रयोगलाई व्यवस्थित गर्ने विषयलाई विधेयकले प्राथमिकता दिएको छ ।

नेपाललाई अन्तरराष्ट्रिय चलचित्र छायांकन तथा निर्माणको आकर्षक गन्तव्य बनाउने, चलचित्रमार्फत पर्यटन प्रवर्द्धन गर्ने, स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शनअघि अनिवार्य जाँचको व्यवस्था गर्ने र नेपाली चलचित्रको अन्तरराष्ट्रियकरणमा सहयोग पुऱ्याउने लक्ष्य पनि विधेयकमा राखिएको छ ।

नेपालको संविधान, राष्ट्रिय आमसञ्चार नीति २०७३ र राष्ट्रिय चलचित्र नीति २०७१ लाई आधार बनाएर विधेयक तयार गरिएको जनाइएको छ । नयाँ ऐन कार्यान्वयनमा आएपछि चलचित्र निर्माण, वितरण तथा प्रदर्शन व्यवस्थित हुने, आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता बढ्ने तथा नेपाली चलचित्रलाई राष्ट्रिय र अन्तरराष्ट्रियस्तरमा सिर्जनशील, सांस्कृतिक र व्यावसायिक उद्योगका रूपमा स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

रंगशाला

राष्ट्रिय खेलकुदका लागि हवाई उडान सहज बनाउन मन्त्री पोखरेलको आग्रह

काठमाडौं (प्रस)– शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दशौँ राष्ट्रिय खेलकुद-२०८३ लाई भव्य र सफल बनाउन हवाई सेवा सहज तथा प्रभावकारी बनाउन वायुसेवा सञ्चालकहरूलाई आग्रह गरेका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा नेपाल नागरिक उ•यन प्राधिकरण (क्यान) का पदाधिकारी तथा आन्तरिक वायुसेवा सञ्चालकका प्रतिनिधिसँग भएको छलफलमा मन्त्री पोखरेलले खेलकुदका क्रममा खेलाडी, खेलकर्मी तथा खेलप्रेमीहरूको आवतजावत सहज बनाउन आवश्यक समन्वय गर्न सुझाव दिएका हुन् ।

कर्णाली प्रदेशको सुर्खेतमा दशौँ राष्ट्रिय खेलकुदका केही खेल आज (मंगलबार) देखि सुरु हुँदैछन् । प्रतियोगिताको औपचारिक उद्घाटन भने यही मङ्सिर १६ गते हुनेछ । छलफलका क्रममा मन्त्री पोखरेलले राष्ट्रिय खेलकुदलाई प्रतियोगितामा सीमित नराखी राष्ट्रिय महोत्सवका रूपमा विकास गर्नुपर्नेमा जोड दिए । उनले प्रतियोगिताको व्यापक प्रचारप्रसार, प्रवर्द्धन, मार्केटिङ तथा ब्रान्डिङमार्फत मुलुकमा खेलकुदको वातावरण निर्माण गर्नुपर्ने बताए ।

'राष्ट्रिय खेलकुदलाई नयाँ तरिकाबाट लैजानुपर्छ । मार्केटिङ र ब्रान्डिङ गरी यसैमार्फत मुलुकमा खेलको माहोल बनाउनुपर्छ', उनले भने, 'राष्ट्रिय खेलकुदलाई कम्तीमा एसियन र ओलम्पिक गेम्सको स्तरमा पुऱ्याउने लक्ष्यसहित तयारी गर्नुपर्छ । यसलाई एसियन र ओलम्पिक खेलकुदको छनोट प्रतियोगिताका रूपमा समेत हेर्नुपर्छ ।'

मन्त्री पोखरेलले दशौँ राष्ट्रिय खेलकुदको तयारी सन्तोषजनक रहेको उल्लेख गर्दै प्रतियोगितालाई अझ व्यवस्थित र प्रभावकारी बनाउन समयमै समन्वय तथा तयारी गर्नुपर्ने बताए । सुर्खेत, जुम्लालगायत प्रतियोगिता आयोजना हुने गन्तव्यमा खेलाडी तथा खेलप्रेमीको चाप बढ्ने भएकाले आवश्यकताअनुसार उडान व्यवस्थापन गर्न उनले वायुसेवा कम्पनीलाई आग्रह गरे ।

शिक्षा मन्त्रालयका सचिव चुडामणि पौडेलले राष्ट्रिय खेलकुदलाई सफल बनाउन खेल प्रवर्दनका साथै प्रचारप्रसारमा सबैले आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुपर्नेमा जोड दिए ।

मन्त्रीका प्रमुख सल्लाहकार सिद्धि व्यञ्जनकारले राष्ट्रिय खेलकुदलाई सफल बनाउन एयरलाइन्सले आवश्यक समन्वय र सहजीकरण गर्नुपर्ने बताए । उनले प्रतियोगितालाई लक्षित गरी आवश्यकतानुसार खेल आयोजना हुने गन्तव्यमा उडान संख्या विस्तार गर्न आग्रह गरे ।

क्यानका निमित्त महानिर्देशक देवचन्द्रलाल कर्णले प्रतियोगिता सफल बनाउन हवाई सेवा व्यवस्थित, सहज र प्रभावकारी बनाउन प्राधिकरणले वायुसेवा कम्पनीहरूसँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे ।

छलफलमा सहभागी वायुसेवा कम्पनीका प्रतिनिधिले राष्ट्रिय खेलकुद अवधिभर सुर्खेत, जुम्लालगायत गन्तव्यमा हवाई सेवा सहज बनाउन प्रतिबद्धता जनाएका छन् । यात्रुको चाप र आवश्यकताका आधारमा उडान संख्या थप गर्नसमेत आफूहरू तयार रहेको उनीहरूले बताएका छन् । हाल सुर्खेतमा बुद्ध एयर र श्री एयरलाइन्सले नियमित उडान गर्दै आएका छन् ।

सुर्खेतलाई आधार बनाएर तारा एयर र सीता एयरले जुम्लामा सातामा दुई उडान गरिरहेको जानकारी दिइयो । त्यस्तै जुम्लामा नेपाल वायुसेवा निगम र समिट एयरका विमानमार्फत हवाई सेवा थप सहज बनाउनुपर्ने विषयमा पनि छलफल भएको छ ।

कतार/साउदीमा रोजगार कम्पनी : SALWN MYLAF BYWTY SBA

पूर्व स्वीकृति मिति : २०८३/०५/०8 | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०८/०७ | LT. No. 346763 | चलानी नं. ६०२६००२०

